म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २२७ शुक्रबार १७ चैत २०७९ ने. सं. ११४३ चौलाथ्व 31 March 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

☞ सूचना प्राप्त गर्दा आधिकारिक माध्यमबाट प्राप्त गरौं । भ्रमपूर्ण र मिथ्या सूचनाबाट भ्रमित नहोऔं ।
☞ सूचना प्रवाह गर्दा तथ्यजाँच गरी सही सूचना प्रवाह गरौं ।
☞ अनधिकृत रुपमा सूचना प्रयोग नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## ओभरलोड नियन्त्रण गर्न प्रहरीलाई वडाको पत्र

साझाकुरा संवाददाता

हेटौंडा, १६ चैत/ पछिल्लो समय ओभरलोड बोकेको टिपरले आतंक मच्चाएको भन्दै वडा कार्यालयले प्रहरी प्रशासन समक्ष पत्राचार गरेको छ ।

हेटौंडा उपमहानगर पालिका १ नम्बर वडाकार्यालयले ओभरलोड नियन्त्रण माग गर्दै जिल्ला प्रहरी कार्यालय, ट्राफिक प्रहरी कार्यालय र प्रहरीचौकी चौकीटोललाई पत्राचार गरेको हो । वडाबासीको माग बमोजिम ओभरलोड र ओभर स्पीड नियन्त्रण गर्न पत्राचार गरिएको उपमहानगरका प्रवक्तासमेत रहेका १ नम्बर वडाअध्यक्ष सविन न्यौपानेले बताए । हेटौंडा नगरक्षेत्रमा रहेका तीनवटा ठूला सिमेन्ट उद्योगका कच्चापदार्थ आपूर्ति गर्ने क्रममा टिपरले क्षमता भन्दा बढी लोड बोकेर नगरको मुख्य सडक र यात्रुलाई जोखिममा पारिरहेका छन् ।


फाइल फोटो

तीव्रगतिका टिपर आउने बित्तिकै मोटरसाइकल, साइकल, अटो, मयुरी जस्ता सवारीसाधन कालोपत्रे सडक छोडेर भाग्नुपर्ने अवस्था छ । टिपरले ढाला भन्दा माथि चुली लगाएर चुनढुंगा ल्याएपछि सडक सुरक्षामै खतरा निम्तिएको हो । नेपालको सडकहरु १० मेट्रिकटन भारवहन गर्ने सवारीका लागि निर्माण गरिएको भएपनि ५० टन भन्दा बढी चुनढुंगा बोक्ने टिपरहरु निर्वाध चलिरहेका छन् । तर, प्रहरी प्रशासनको यसतर्फ कुनै ध्यान गएको छैन । जसकारण स्थानीयको आवाजलाई १ नम्बर वडाकार्यालयले प्रहरीसँग पत्राचार गरेको हो । ओभरलोड बोकेका टिपर नियन्त्रणमा प्रहरीले सक्रियता नदेखाए स्थानीयहरु सडकमै उत्रिने चेतावनी दिएको वडाध्यक्ष न्यौपानेले बताएका छन् ।

'ओभरलोड बोक्ने टिपरहरुले सडकमा आतंक नै मच्चाइरहेको पाइयो । ढाला भन्दा माथि ढुंगा बोक्दा सडकमा असुरक्षा र ओभर स्पीडले ज्यानधन नै जोखिममा छ । यसकारण वडाकार्यालयले तत्काल नियन्त्रण गर्न प्रहरी कार्यालयलाई पत्र लेखेको हो । प्रहरीले चासो नदेखाए वडाबासीहरु सडकमै उत्रिने चेतावनी दिइरहेका छन् ।,' न्यौपानेले भने । मकवानपुरमा सरकारी मापदण्डविपरित ओभरलोड चुनढुंगा बोक्ने १ सय भन्दा बढी टिपरहरु विगत एक महिनाभित्र कारबाहीमा परेका छन् । तर, टिपर माथिको कारबाही प्रहरीको सक्रियता मात्र नभई राजनीतिक दल र स्थानीयको दबाबबाट सृजना भएको चर्चा छ ।

टिपरले ढाला बरार मात्रै चुनढुंगा बोक्न पाउनुपर्ने मापदण्ड छ । तर, मकवानपुरका सिमेन्ट उद्योगको खानी क्षेत्रबाट टिपरले मापदण्डविपरित ढाला भन्दा माथि चुली बनाएर चुनढुंगा ओसार्दै आएका हुन् । विगतदेखि नै राजनीतिक शक्तिको आढमा विभिन्न निर्माण कम्पनीले प्रहरीलाई समेत प्रलोभनमा पारेर चुनढुंगा वसारपसार गरिरहरको नागरिक समाजको आरोप छ । मकवानपुरगढी, मनहरी गाउँपालिका र हेटौंडा उपमहानगरपालिकाको सीमानामा पर्ने शिखरकटेरी नजिक सालक पार्कमा प्रहरीले छड्के चेकिङ गरेर ओभरलोड बोक्ने टिपरलाई कारबाही गर्दै आएको छ । तर, टिपरहरुको अटेरीपनाका कारण ट्राफिक प्रहरी नै हैरान बनेका छन् ।

हेटौंडास्थित ऋद्धिसिद्धि सिमेन्ट उद्योगले राक्सिराङ गाउँपालिका र शिवम् सिमेन्टले मकवानपुरगढी गाउँपालिकाको ७ र ८ नम्बर वडामा रहेका खानीक्षेत्रबाट चुनढुंगा उत्खनन् गरिरहेका छन् । उत्खनन् गरिएका चुनढुंगा टिपरहरुले ढाला भन्दा माथि चुली बनाएर कानुनविपरित ओसारपसार गरिरहेका हुन् । दुवै सिमेन्ट उद्योगका लागि चुनढुंगा उत्खनन् र ढुवानीको जिम्मा लिएका बानियाँ निर्माण सेवा प्रालि, मोर्डन इन्फ्रास्टक्चर प्रालि, मोतिदान कन्ट्रक्सन प्रालि र बागमती विन्ध्यबासिनी कन्ट्रक्सन प्रालिले भने प्रमुख जिल्ला अधिकारी (सीडीओ) राजेन्द्रदेव पाण्डेलाई यसअघि शान्ति सुरक्षा र व्यवसाय गर्ने वातावरण बनाइदिन निवेदनसमेत दिएका थिए ।

प्रजिअ पाण्डेलाई बुझाएको पत्रमा ठेकेदारले मुख्यत: दुईवटा विषयलाई जोड दिएका छन् । पहिलो, शान्ति सुरक्षा माग गर्दै व्यवसाय गरी खान पाउनुपर्ने माग छ । दोस्रो, ओभर लोड बोक्ने टिपरलाई कारबाही गर्न आवाज उठाउनेलाई स्वार्थ समूहको आरोप लगाउँदै भौतिक कारबाहीसम्मको धम्की दिइएको थियो । ठेकेदारको निवेदनपछि सिडिओ पाण्डेदेखि बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलसम्मले चासो देखाएको जिल्ला ट्राफिक कार्यालय मकवानपुरका प्रमुख प्रहरी निरीक्षक बसन्त आचार्यले जानकारी दिए । साझाकुरासँग कुरा गर्दै ट्राफिक प्रमुख आचार्यले सिडिओ र मुख्यमन्त्रीले समेत ओभरलोड टिपरका सम्बन्धमा चासो देखाएर छलफल गरिएको बताए ।

इन्स्पेक्टर आचार्यले ओभरलोड बोकेका टिपर नियन्त्रणमा कुनै कसर बाँकी नराख्ने बताए । 'ओभरलोडलाई हामीले कारबाही गरि रहेका छौं । हामीले खानी क्षेत्रबाटै ढाला भन्दा माथि ढुंगा नल्याउन निर्देशन दिएका छौं । ल्याएको पाइए कारबाही गर्छौं', आचार्यले भने । उनले खानी क्षेत्रबाट उद्योगसम्म पुग्न टिपरलाई वैकल्पिक मार्गको पनि व्यवस्था नभएकाले मुख्य सडकबाटै हिंड्नुपरेको बताए । आफूले वैकल्पिक सडकको विषयमा ध्यान दिएपनि सम्भवन नदेखेको इन्स्पेक्टर आचार्य बताउँछन् । प्रहरीले टिपरले ढाला बराबर मात्रै ढुंगा बोक्न पाउने मापदण्ड रहेको जनाएको छ ।

## चुरेहिल हस्पिटलको फार्मेसी शील

साझाकुरा संवाददाता

हेटौंडा, १६ चैत/जिल्ला अनुगमन टोलीलाई अनुमतिपत्र देखाउन नसकेपछि हेटौंडामा सञ्चालित निजी क्षेत्रको ठूलो हस्पिटल चुरेहिलको फार्मेसी शील भएको छ ।




अनुमति नै नलिई गैरकानुनी रुपमा फार्मेसी सञ्चालन गरिरहेको भन्दै जिल्ला प्रशासन कार्यालय मकवानपुरको नेतृत्वमा बिहीवार गएको अनुगमन टोलीले चुरेहिलको फार्मेसी शील गरेको हो । अनुमतिपत्र देखाउन नसकेको अवैध फार्मेसीमा म्याद गुज्रिएको औषधि फेला परेको कारण अनुगमन टोलिले फार्मेसीमा ताला लगाएको जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत गुणराज न्यौपानेले जानकारी दिए । उनले फार्मेसी शील गरेको र अनुमतिपत्र प्रशासन कार्यालयमा बुझाएपछि मात्रै सञ्चालन गर्न निर्देशन दिएको जानकारी दिए । हस्पिटलको आकस्मिक कक्षमा प्रयोग गर्न भने फार्मेसी प्रयोग गर्न दिइएको उनले बताए ।

चुरेहिलको फार्मेसीले गम्भीर लापरबाही गरेको देखिएपनि प्रशासनले कारबाही गर्न आनाकानी गर्दै आएको थियो । अनुगमन टोलीले जनस्वास्थ्य माथि गम्भीर खेलवाड गरेको प्रत्यक्ष देख्दा पनि फार्मेसीलाई सुझाव र निर्देशन दिएर छाड्ने तयारी गरेपछि उपभोक्ता हित संरक्षण मन्चले आपत्ति जनाएको थियो । अनुगमन टोलीबीच नै विवादको अवस्था सृजना भएपछि प्रशासनले फार्मेसीमा ताला लगाउने निर्णय गरेको अनुगमन टोलीका एक सदस्यले जानकारी दिए । चुरेहिल हस्पिटलले एक वर्षको कर पनि नतिरेको पाइएको छ । अनुगमन टोलीले ७ दिनभित्र कर दाखिला गरेर प्रशासनलाई जानकारी दिन निर्देशन दिएको छ ।

अस्पतालले २५ शैयाको अनुमति लिएर क्षमता भन्दा बढी बेड राखेको र अनुगमन टोली पुग्ने थाहा पाएपछि स्टोरमा बेड लुकाएको भेटिएको थियो । २५ शैयाको अस्पतालले आफ्नो क्षमता भन्दा बढी बेड राखेर संचालन गरेको थियो । प्रशासकीय अधिकृत न्यौपानेले भने आकस्मिक कक्ष बाहेक नै २५ बेड देखाएको भएपनि हुने अवस्थामा हस्पिटलले आकस्मिकसहित २५ बेड देखाएको जानकारी दिए । अनुगमन आउने जानकारी अस्पतालले पहिल्यै पाएपछि अस्पतालले बेड लुकाएको पाइएको थियो । बढी राखिएको बेड स्टोर कक्षमा लुकाइएको भेटिएको हो ।

## मोटरसाइकललाई ठक्कर दिने प्रहरी भ्यानका चालक निलम्बन

साझाकुरा संवाददाता

हेटौंडा, १६ चैत/हेटौंडा उपमहानगरपालिकाको मुख्य बजार राप्तिरोडमा बुधवार साँझ दुईवटा मोटरसाइकललाई ठक्कर दिने प्रहरी भ्यानका चालक निलम्बनमा परेका छन् ।

प्रहरी भ्यान लापरबाहीसँग चलाउँदा दुर्घटना हुन पुगेको भन्दै चालकलाई निलम्बन गरिएको मकवानपुर प्रहरीले जानकारी दिएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट भीमफेदी कारागारको लागि थुनुवा लिई हिंडेको बागमती प्रदेश ०३-००१ झ ०१२३ नम्बरको मोबाइल गाडी कास्की दरबन्दी भई मकवानपुरमा चालकको रुपमा कार्यरत प्रहरी जवान बिबेक नेपालीले चलाएका थिए । दुर्घटनामा दुईजना घाइते भएको घटना सम्बन्धमा अनुसन्धान गर्दा चालक नेपालीले लापरबाहीपूर्ण तरिकाले सवारी चलाएको देखिएको भन्दै आवश्यक कारबाहीका लागि १६ चैतबाट लागु हुनेगरी निलम्बन गरिएको प्रवक्ता तथा प्रहरी नायवउपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए ।

प्रहरी भ्यानले बुधवार साँझ ७ बजे ना ४९ प ११९ र बागमती प्रदेश ०३-००५ प ३०७६ नम्बरको मोटरसाइकललाई ठक्कर दिंदा हेटौंडा-५, गर्दोईका ४९ वर्षीय सुरेशराज बज्राचार्य र हेटौंडा-५, पिप्लेका ४५ वर्षीय मधु अर्याल घाइते भएका थिए । उनीहरुको हेटौंडा अस्पताल र मोडल अस्पतालमा उपचार गरिएको थियो । राप्ति रोडमा मोटरसाइकललाई ठक्कर दिएर प्रहरी भ्यान १ नम्बर वडास्थित चौकिटोलतर्फ भागेको थियो । अन्य सवारीसाधनलाई ठक्कर दिएर भाग्नेलाई समाउने पर्ने प्रहरी नै भागेपछि न्याय खोज्न कहाँ जाने भन्दै स्थानीयले बुधवार साँझ मुख्य बजारको बुद्धचोकदेखि प्रहरी कार्यालयसम्म आन्दोलन गर्दै जिल्ला प्रहरी कार्यालय घेराउसमेत गरेका थिए ।

सयौंको संख्यामा रहेका आक्रोशित स्थानीयले जिल्ला प्रहरी कार्यालय घेराउ गर्दै हेटौंडास्थित पूर्व-पश्चिम राजमार्गसमेत अबरुद्ध गरेका थिए । प्रहरी भ्यानका चालकले मादक पदार्थ सेवन गरेको आशंका आन्दोलनरत स्थानीयको छ । प्रहरी भ्यान तीव्रगतिमा रहेको उनीहरुले बताएका छन् । तर, मकवानपुर प्रहरीले दुर्घटनाको कारण भने बाहिर ल्याएको छैन ।

## राक्सिराङमा बोलेरो दुर्घटना, ६ जना घाइते



साझाकुरा संवाददाता

हेटौंडा, १६ चैत/जिल्लाको विकट राक्सिराङ गाउँपालिका-५ चौतारास्थित भित्रि सडक खण्डमा बोलेरो जिप दुर्घटना भएको छ ।

बिहीवार चैनपुरबाट राक्सिराङको बंकिङ चौतारातर्फ जाँदै गरेको ना ४ च ४२७३ नम्बरको यात्रु र सामान बोकेको बोलेरो जिप आफैं अनियन्त्रित भई सडकबाट करिब ४०/५० मिटर तल खसेर दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । मकवानपुरका प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीकाअनुसार बोलेरो दुर्घटना हुँदा चालक सहित ६ जना घाइते भएका छन् । बोलेरोमा ८ जना सवार रहेका थिए । घाइतेमध्ये १ जनाको अवस्था गम्भीर रहेको छ ।

राक्सिराङ गाउँपालिका-४ बस्ने ४० वर्षीय सञ्चलाल घलान गम्भीर घाइते भएका हुन् । शरीरको विभिन्न भागमा चोट लागेर गम्भीर घाइते भएका उनलाई थप उपचारका लागि चितवन लगिएको छ । राक्सिरा घर भएका १२ वर्षीय बिक्रम घलानको खुट्टा भाचिएको प्रहरीले जनाएको छ । उनको अवस्था मध्यम रहेको जनाइएको हो । २१ वर्षीया सानुमाया घलानको खुट्टा र पेट दुखेको छ । दुर्घटनामा परी घाइते भएका अन्य ३ जनाको नाम खुल्न बाँकी रहेको प्रहरीले जानकारी दिएको छ । घाइतेलाई उपचारका लागि भरतपुर चितवनतर्फ पठाईएको र जीप घटना स्थलमा नै रहेको तथा चालकलाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको डिएसपी कार्कीले जानकारी दिए ।

## कमानेको स्वास्थ्य शिविरमा साढे दुईसय महिलाले लिए सेवा

साझाकुरा संवाददाता

हेटौंडा, १६ चैत/नेपाल परिवार नियोजन मकवानपुर शाखाको प्राविधिक सहयोग तथा हेटौंडा उपमहानगरपालिका ८ नम्बर वडाको आर्थिक सहयोगमा कमानेमा एक दिवशीय शिविर भएको छ ।




चन्द्रोदय माध्यमिक विद्यालय कमानेमा बिहीवार महिलाहरुको लागि नि:शुल्क यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी शिविर सञ्चालन गरिएको परिवार नियोजन मकवानपुरका अध्यक्ष निगम श्रेष्ठले जानकारी दिए । शिविरमा पाठेघरको मुखको क्यान्सर परीक्षण, स्तन क्यान्सरको परीक्षण, यौनरोगसम्बन्धी परीक्षण, पूरै शरीर परीक्षण तथा अस्थायी साधन आयूसीडी इम्प्लान्ट लगाउने तथा झिक्ने सेवा प्रदान गरिएको श्रेष्ठले जानकारी दिएका छन् । शिविरमा स्थानीय २ सय ४८ जना महिलाले नि:शुल्क स्वास्थ्यसेवा लिएको परिवार नियोजनका केन्द्रीय सदस्यसमेत रहेका मकवानपुरका अध्यक्ष श्रेष्ठले जानकारी दिए ।

संघले यसअघि ८ चैतमा ६ नम्बर वडामा शिविर आयोजना गरेको थियो । अघिल्लो वर्ष हेटौंडाको ५, १७ नम्बरलगायतका वडामा शिविर सञ्चालन गरेको थियो । आगामी वर्ष पनि २, ३, १६, १७ लगायतका वडामा नि:शुल्क यौन तथा प्रजनन् स्वास्थ्यसम्बन्धी शिविर सञ्चालन गर्ने अध्यक्ष श्रेष्ठले जानकारी दिए ।

बिहीवार भएको शिविरमा वडा अध्यक्ष राम थापा, परिवार नियोजन संघ बागमती प्रदेश संयोजक इश्वर पण्डित, मकवानपुर शाखा सचिव फूलमान श्रेष्ठ, शाखा प्रबन्धक ममिता श्रेष्ठ, लेखापाल महेश पाण्डे लगायतको उपस्थिति रहेको थियो ।

खुल्दैछ ! खुल्दैछ ! खुल्दैछ !

(उत्तराखण्ड चारधाम)

बद्रीनाथ केदारनाथ तिर्थयात्राको लागि २०८० बैशाख १७ गतेबाट बिभिन्न मितिमा रिजर्भ बस खुल्दैछ ।

**दर्शनीय स्थानहरू** :- महेन्द्रनगर, हरिद्वार, ऋषीकेश, फुलछट्टी, एमनोत्री (पहिलो धाम) ६ कि.मी. पैदल यात्रा, उत्तर काँशी, गंगनानी, गंगोत्री (दोश्रो धाम) रूद्र प्रयाग, गुप्तकाँशी, गौरीकुण्ड, केदारनाथ (तेश्रो धाम) १४ कि.मी. पैदल यात्रा (जोशी मठ) बद्रीनाथ, (चौथो धाम) ब्रम्हकपाली गरी १७ देखी १८ दिनमा नेपाल आईपुग्नेछ ।

भाडा प्रति यात्री ने.रु. ३०००५/- लाग्ने छ (बिहान बेलुकी खाना सहित ) नोटः- रिक्सा टाङ्गा, धर्मशाला, अन्य खर्च यात्रु स्वयंले बेहर्नुपर्नेछ । सम्पर्कः-

गोपाल थापा, हेटौंडा बसपार्क

मोवाईल नं. : ९८४५२९७६८१ घण्टी बाजे मनरवा, बारा,
मोवाईल नं. ९८४५८०८४०२

घर जग्गा भाडामा

हेटौंडा-४, कमलडाँडा नबोदय बोडिङ अगाडि सरकारी तथा प्राइभेट अफिस, होस्टल, मन्टेश्वरी स्कुल आदिको लागि उपयुक्त २ कठ्ठा जग्गामा कम्पाउन्ड सहित निर्माण भएको ३ तल्ला घर १० कोठा, २ किचन, ३ बाथरुमसहित जम्मा १२ कोठा भएको सुविधा सम्पन्न पार्किङसहित कम्पाउन्ड घेरिएको पुरै घर जग्गा भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।
(नोटः भुई तल्ला फल्याट मात्र पनि लिन सकिनेछ)

सम्पर्क नं.:-
९८४५२६९७१३/९८४५०२०९५१
९८५५०३०९५१ (whatsapp)

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# एसइई परीक्षार्थीलाई अग्रिम शुभकामना

आज चैत १७ गते शुक्रबारदेखि देशभरि एकैसाथ सुरु हुने माध्यमिक शिक्षा परीक्षा (एसइई) मा सहभागी हुने सम्पूर्ण विद्यार्थीलाई शुभकामना दिने लहर आएको छ । सामाजिक सञ्जालमा सबै विद्यालय, शैक्षिक प्रतिष्ठान, शिक्षाप्रेमीहरुले विद्यार्थीलाई शुभकामना दिइरहेका छन् । विद्यार्थीलाई सफलताको शुभकामनासँगै खानपिनमा ख्याल राख्न, लेख्ने कलम, प्रवेशपत्र, सिसाकलम जस्ता परीक्षा सामग्री तयारी अवस्थामा राख्न, निन्द्रा नमार्न, सुझाइएको छ । अभिभावकहरुले आफ्ना नानीबाबूलाई परीक्षा केन्द्रसम्म पुऱ्याउने र परीक्षा सकिएपछि लिन जाने कुरामा पनि सुझाव दिइएको छ । विद्यालयले पनि  विशेष चासो दिन र भयरहित रुपमा परीक्षा दिने वातावरण तयार गर्न शिक्षा क्षेत्रका बिज्ञहरुले सुझाएका छन् ।

बिहान ८ बजेदेखि एसइई परीक्षा देशभर एकैसाथ सुरुहुने राष्ट्रिय परीक्षा बोर्डले जानकारी दिएको छ । परीक्षा शान्तिपूर्ण, मर्यादित र व्यवस्थित रुपमा सम्पन्न गराइने छ । यसवर्षका एसइई परीक्षामा सहभागी हुन २०७८ मा कक्षा नौमा रजिस्ट्रेशन भर्ने विद्यार्थी पाँच लाख १६ हजार ५ सय ९१ जना रहेपनि कक्षा १० सम्म आइपुग्दा भने परीक्षाका लागि आवदेन दिनेमा कूल चार लाख ८४ हजार २२७ जना थिए । कक्षा नौबाट १० मा आउँदा ३२ हजार ३६४ विद्यार्थी घटेका छन् । प्राविधिक धारतर्फ करिब १५ हजार विद्यार्थी परीक्षामा सहभागी हुनेछन् । परीक्षामा संस्कृत विषय पढाइ हुने ६५ विद्यालयका दुई हजार नौ सय ८२ विद्यार्थी र ५० जना दृष्टिविहीन सहभागी हुँदैछन् । यसवर्ष सात हजार दुई सय सामुदायिक र चार हजार पाँच सय ६४ संस्थागत गरी ११ हजार आठ सय २९ विद्यालय एसइईमा सहभागी हुँदैछन् । परीक्षाका लागि ७७ जिल्लामा दुई हजार ३६ परीक्षा केन्द्र र जापानमा एक गरी कूल दुई हजार ३७ वटा परीक्षा केन्द्र निर्धारण गरिएको छ । सबै परीक्षा केन्द्रका लागि केन्द्राध्यक्ष नियुक्ति, सुरक्षा व्यबस्था, जनशक्ति परिचालन, प्रश्नपत्र र उत्तर पुस्तिका पुऱ्याउनेलगायतका सबै काम सकिएको बोर्डले जानकारी दिएको छ । राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालयको आयोजनामा सात प्रदेशका प्रदेश सरकारका शिक्षा हेर्ने मन्त्रालयका सचिवहरु, सातै प्रदेशका शिक्षा विकास निर्देशनालयका निर्देशकहरु, ७७ वटै जिल्लाका शिक्षा विकास तथा समन्वय इकाई प्रमुखहरु, राष्ट्रिय परीक्षा बोर्डका प्रदेश र शाखा कार्यालयका प्रमुखहरु, बोर्डका अध्यक्ष, सदस्य सचिव, उपनियन्त्रक कर्मचारीलगायतको भर्चुअल बैठक सम्पन्न गरेको बताइएको छ ।

प्रत्येक प्रदेशमा प्रदेश सचिवको अध्यक्षतामा गठन भएका प्रदेश परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिले बोर्डको निर्देशनको परिधिभित्र रहेर प्रदेश भित्रका परीक्षा सञ्चालन, व्यवस्थापन र अनुगमन गरिनेछ । त्यस्तै प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारी प्रमुख, शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख सदस्य सचिव, जिल्लाका सुरक्षा निकायका प्रमुखहरुलगायत रहने गरी गठन गरिएको जिल्ला परीक्षा समन्वय समितिले परीक्षा केन्द्रमा केन्द्राध्यक्ष नियुक्ति, सरोकारवालालाई प्रशिक्षण गर्ने, प्रश्नपत्र प्रहरी निकायसम्म पुऱ्याउने, उत्तरपुस्तिका परीक्षा केन्द्रसम्म पुऱ्याउने र आवश्यक समन्वय गर्ने कामसमेत पूरा भएको बताइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ चैत १८ गते शनिबार १ अप्रिल २०२३ । एकादशी चैत कृष्णपक्ष । चौलाथ्व ११४३ ने.सं. । सूर्योदय ५:५७, सूर्यास्त ६:२०। स्मार्तनां कामदा एकादशी व्रत । विश्व मूर्ख दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : परिवारमा कलह | **तुला** | : मानसिक अशान्ति |
| **वृष** | : यात्रामा बाधा | **वृश्चिक** | : कार्यमा ढिलाइ |
| **मिथुन** | : काममा सफलता हात पर्ने | **धनु** | : मांगलिक कार्य सम्पादन |
| **कर्कट** | : अपजस पाइने | **मकर** | : उपचारमा खर्च बढ्ने |
| **सिंह** | : बौद्धिक कार्यमा वाधा | **कुम्भ** | : मानमर्यादाको वृद्धि |
| **कन्या** | : व्यवसायमा विवाद | **मीन** | : नवीन कार्ययोजनामा लगानी |

# ऐना पुछेर अनुहारको मैलो मेटिँदैन



**कुलचन्द्र वाग्ले**

बाहिरिएको जानकारीअनुसार आज मन्त्रिपरिषद् विस्तार हुनेछ । सँगै सरकारको साझा न्यूनतम कार्यक्रम पनि आज नै सार्वजनिक गरिने रे ! सरकार सम्बद्ध नेतृत्वले हिजो बुधबार दिएको जानकारी हो यो । साझा कार्यक्रमले सरकारको अनुहार उजिल्याउने धोको होला पक्का छ त्यो पूरा हुँदैन ।

मन्त्रिपरिषद् विस्तार गरिने जानकारीको म्याद पटकपटक सरेको छ । प्रधानमन्त्री पुष्पकमल दाहालले नै यही चैतको १० गतेसम्म मन्त्रीमण्डललाई पूर्णता दिने बताएका हुन् त सकेनन् । त्यसपछि केही मन्त्रीले भोलिभोलि भनेको पनि एकसाता टरिसक्यो । आज त केही न केही होला कि ? कुन्नि ?

जसरी गठबन्धन सरकार आवश्यक निरन्तरताजस्तै देखियो त्यसरी नै साझा न्यूनतम कार्यक्रम पनि 'बिरालो बाँध्ने' शैलीमा परम्परा नै बन्नथाल्यो । व्यावहारिक नेपाली राजनीतिमा गठबन्धनले आर्जन गरेको विश्वास सधैँ 'धरमराउँदो' भन्ने नै हो । आवधिक स्थिरता दिन्छ भन्ने चाहिं होइन रहेछ ।

कतिबेला भत्कने र बन्ने हो गठजोड ? अहिलेसम्मको अनुभवजन्य आशंका यस्तै छ । सरकारी गठजोड भत्क्यो कि वा नयाँ बन्यो न्यूनतम कार्यक्रम पनि त्यस्तै हुने भयो । न्यूनतम कार्यक्रममा साझा जोडिएको छ । कारण गठजोडी समूहहरुको साझा भन्ने नै हो । जहिले आएको भए नि, जजसले ल्याएको भए नि ती कार्यक्रम सुन्दा खासै आलोच्य लाग्दैनन् ।

सबैले संविधानको रक्षा, लोकतन्त्रको सुदृढीकरण, देशको समृद्धि, न्याय र अवसरमा समान पहुँच, सुशासन, पारदर्शिता, भ्रष्टाचार नियन्त्रण, रोजगारी, उद्यम, उत्पादकत्व वृद्धि एवं सार्वभौम राष्ट्रियहित प्रवर्द्धन आदि साझा कार्यक्रममा लेखेकै हुन्छन् । तिनमा शाब्दिक भिन्नता होला भाव उही हुन्छ ।

यस्ता सदाबहार प्रतिबद्धता सबैको सधैँको आवश्यकता, अपेक्षा र पाउनुपर्ने लक्ष्य हुन् । लक्ष्य प्राप्तिको साधन राज्य संयन्त्र हो । यन्त्र सञ्चालक सरकार । अर्थात् मन्त्रिपरिषद् । अर्थात्, दलहरुको मन्त्रीमण्डल । अर्थात् गठजोडको 'हल्लनताम् ।'

गणतन्त्रपछि पनि कति मन्त्रीमण्डल बने ? कुन चाहिँ मण्डलले यस्ता लक्ष्य र योजना तोकेनन् होला ? प्रतिबद्धता बोलेनन् होला ? तर, ती कति पाइए वा पूरै अधुरै रहे ? हिसाब सजिलो छैन । यतिमात्रै किन ? सरकारमा जाने दलहरुको आआफ्ना घोषणापत्र छन् । कसैले प्रतिबद्धतापत्र घोषणा गरेका छन् । सम्भव, असम्भव प्रतिबद्धता । ती पनि सरकारमा पुग्ने भर्याङजस्ता मात्र । लागु गर्नुनपर्ने कागजी दस्ताबेजहरु ।

चुनाव सकियो । घोषणापत्र थन्कियो । अनि सरकारी वाचाल मुखले दिनदिनै गर्न थाल्यो नयाँनयाँ प्रतिबद्धता । अर्ती, उपदेश र निर्देशनको निर्बाध हुण्डरी चल्न सुरु हुन्छ । न घोषणापत्रको मर्यादा न साझा न्यूनतम कार्यक्रमको स्मरण । सत्ताधारी आफैँ 'उन्मत्त भैरव' । भाषण ठोक्या छ, ठोक्या छ ।

यसरी नै देश बन्ने भए समाजमा यस्तो असन्तुष्टि किन ? उहिल्यै गरिबी घट्नुपर्ने, हट्नुपर्ने । रोजगारी बढ्नुपर्ने । तलबकै लागि ऋण उठाउन नपर्ने । निर्यात मनग्य हुनुपर्ने ? सुशासन र पार दर्शितामा सियो पनि छर्लङ्ग देखिनुपर्ने ?

कहाँ गए ती प्रतिबद्धता र घोषणापत्र ? पटकपटकका साझा कार्यक्रम कता थन्किए ? अझै न्यूनतम साझा रे ! न्यूनतम भनिएको आधारभूत होला ? माथि भनिए झैँ र यिनमा अर्थात् साझा कार्यक्रममा लेखिएका यी विषय न्यूनतम हुन् कि हाम्रा लागि महानतम ? मूल्यबोध कसरी गर्ने ?

धेरै दलले सरकार चलाए । संसद्मा पुगेको तर सरकारमा नगएको (अहिलेका नयाँ बाहेक) कुन दल होला नेपालमा ? तर ती कसैले पनि आफ्नो घोषणापत्र कति उपयोग गरे ? उपलब्धि कति भए ? कहिल्यै विश्लेषणात्मक समीक्षा कसैले गरेको छैन । साझा कार्यक्रमको हबिगत पनि यही र यस्तै हो । सरकार आए, गए ती सबै पत्र रद्दीको टोकरीमा फ्याँकिए ।

टोकरीमा खुम्चिएका र धुलोले ढाकिएका ती प्रतिबद्धता पत्रहरु सायद् संस्थागत स्मृतिको खाँचो टार्ने सामल हुनेछन् । अब अर्को चुनावमा घोषणापत्र लेख्न बस्दा ती पत्र काममा आउलान् । अहिलेको कम्प्युटराइज युगमा पनि काँचको पाटीलाई उपमेय यही अर्थमा बुझ्दा हुन्छ ।

सायर गालिबको एउटा सायरी छ - 'उम्रभर गालिब यही भूल करता रहा, धूल चेहरे पर थी और आयना साफ करता रहा ।' मतलब- धुलो त अनुहारमा थियो तर ऐना पुछिरह्यो । किनभने ऐना हेर्दा धुलो देखियो । त्यो थियो अनुहारको धुलो । यस्तोमा ऐना जति पुछे पनि अनुहार सफा हुने त होइन नि !

हाम्रा सरकार सञ्चालक दलहरु र तिनका नेता, मन्त्रीहरु घोषणापत्र, प्रतिबद्धतापत्र र यस्तै न्यूनतम साझा नीति, कार्यक्रममा अनुहार सफा पार्न र देख्न खोजिरहेका छन् । फोहर त तिनको अनुहारमा टाँसिएको छ । ती पत्र जति टल्काए पनि परिणाममा सफा देखिने होइन ।

यतिका दिन मन्त्रीमण्डल विस्तार गर्नै नसकी किन बित्यो ? सबैले हैसियतभन्दा बढी भाग खोजेर नै हो । त्यसमाथि 'मालदार' मन्त्रालयको दाबा अर्को कारण । लाज पनि लाग्नुपर्ने ! किसुन जी सुनाइरहनुहुन्थ्यो-'एकं लज्जां परित्याज्य सर्वत्र विजयी भवेत् ।' 'नङ्गा नाचे हजार दाउ ।' वाह ! मालदार मन्त्रालय ।

चर्चामा आएको संख्यात्मक हिसाब हेरौँ । नेपाली काँग्रेस आठ । माओवादी केन्द्र पाँच । कांग्रेसलाई ११ सांसद् बराबर एक मन्त्री । माओवादीलाई साढे सात सांसद् बराबर एक मन्त्री । प्रधानमन्त्री त्यहीँ । एकीकृत समाजवादी भन्छ रे तीन मन्त्री अर्थात् तीन सांसद् बराबर एक मन्त्री । उपराष्ट्रपति पाएको जसपाको पनि तीनमै दाबा छ रे ! सबैको यस्तै यस्तै । संख्याको समतुत्य बण्डा त भएन यो । अर्को मापदण्ड के त ? नाम, दाममा बलवान मन्त्रालय पनि मापदण्डकै विषयभित्र पर्यो कि ? अरुले वा कांग्रेस र माओवादीले नै दाबाको एकएक मन्त्रालय छोडिदिए बिग्रन्छ के ? बरु गठजोडलाई सजिलो हुन्छ । मन्तव्य सिबाय गर्ने कसैले केही होइन ।

त्यसैले सामाजिक चासो घटेको छ । बरु दुर्दुरकै भाव झल्किन्छ । मन्त्री बन्नु, बनाइनु र साझा कार्यक्रम आउनु न आउनुमा पाउने तिनैलाई चासो, खाँचो होला । नागरिकलाई त ए, हो र ? भन्ने सिबाय कुनै उत्साह छैन । परख गरी हेरौँ ।

*(साभार: बाह्रखरी)*

# लोकतन्त्रको पक्षमा उभिएको विश्व समुदाय



**डिन आर थम्पसन**



यो साता विश्वभरका देशहरू विश्वव्यापी प्रणालीको सुव्यवस्थामा लोकतन्त्रको महत्त्वमाथि जोड दिन र लोकतन्त्रले हाम्रा नागरिकहरूका पक्षमा नतिजा ल्याउँछ भन्ने सुनिश्चित गर्ने हाम्रो साझा प्रतिबद्धताको मूल्यांकन गर्न भेला हुँदै छन् ।

गणतन्त्र कोरिया, गणतन्त्र जाम्बिया, कोस्टारिका, नेदरल्यान्डस् र संयुक्त राज्य अमेरिकाले संयुक्त रूपमा आयोजना गर्न लागेको 'लोकतन्त्रका लागि शिखर सम्मेलन' को यो दोस्रो संस्करणले करिब १२१ देश र तिनका नेताहरूका साथै नागरिक समाज र निजी क्षेत्रका नेतृत्वकर्ताहरूलाई एकै ठाउँमा ल्याउँदै छ । उनीहरूको लक्ष्य हो– हाम्रो विश्वले हाल सामना गरिरहेका साझा कठिनाइहरूको सम्बोधन गर्ने गत वर्षका वाचा र घोषणाहरूबारे भएका प्रगतिको प्रदर्शन गर्ने र विश्वव्यापी लोकतान्त्रिक नवीकरणमा सहभागी हुने प्रतिबद्धता पुन: व्यक्त गर्ने ।

यसो गर्नु किन महत्त्वपूर्ण छ ? अमेरिकी राष्ट्रपति जो बाइडेनका शब्दमा भन्दा, 'लोकतन्त्र पक्षधर विश्वव्यापी समुदायका रूपमा हामीलाई एकताबद्ध गर्ने हाम्रा मूल्यहरूका पक्षमा हामी उभिनुपर्छ ।' हाल बहुसंख्यक मानिसहरू स्वशासनको आधारभूत अधिकारबाट वञ्चित छन् । उनीहरू निरंकुशता, अधिनायकवाद र तानाशाहीहरू– धेरै त झूटा निर्वाचनमार्फत् स्वतन्त्रता बहाल रहेको देखाउने मुखौटो लगाएका र 'लोकतन्त्र' भन्ने शब्दलाई नै दूषित बनाएका नेताहरू–का अधीनमा बाँचेका छन् । पछिल्ला केही वर्षमा हामीले लोकतन्त्रको संरचना कमजोर हुँदै गएको देखिरहेका छौँ । हामीले यसलाई भत्किन दियौँ भने विश्वभरका नागरिकहरू आफ्नो भविष्य स्वयम् निर्धारण गर्ने अवसरबाट विमुख हुनेछन् ।

आज हामीलाई ती देशहरूबारे थाहा छ जसका नेतृत्वकर्ताहरू जनताका आकांक्षालाई बेवास्ता गर्छन्ह जहाँ समसामयिक राजनीतिक एजेन्डाहरूलाई अघि बढाउन इतिहासलाई विकृत पारिन्छ र राज्य आफ्ना जनताबाट जानकारी लुकाउँछह जहाँ नागरिकका हरेक गतिविधिको निगरानी गरिन्छह जहाँ शान्तिपूर्ण असहमतिविरुद्ध गिरफ्तारी र देखावटी सुनवाइ गरिन्छन् जहाँ व्यक्तिका धार्मिक विश्वास र अभ्यासहरूलाई सीमित वा सम्पूर्ण रूपमा अस्वीकृत गरिन्छह र जहाँ सरकारी दुरुपयोगविरुद्ध सर्वाधिक प्रभावकारी ओखतीका रूपमा रहेका सञ्चारकर्मी र स्वतन्त्र प्रेसलाई दबाइन्छ ।

अधिनायकवादी सरकारहरू चुनावी परिणाम प्रभावित पार्ने वा अन्य मुलुकमा तनाव बढाउने आशयले दुष्प्रचार फैलाउँछन् । भ्रष्टाचारले जनताका आकांक्षाको मूल्यमा राजनीतिक तथा आर्थिक शक्तिको किनबेच गर्छ । र, कुनै उक्साहटबिना नै रुसी नेतृत्वले एउटा सार्वभौमसत्ता सम्पन्न लोकतान्त्रिक देशविरुद्ध क्रूर र औचित्यहीन युद्ध सुरु गरेको छ, जसले संयुक्त राष्ट्रसंघीय बडापत्रको उल्लंघन गर्नुका साथै अन्तर्राष्ट्रिय शान्तिको आधार बनेका सिद्धान्तहरूको धज्जी उडाएको छ ।

यस वर्षको लोकतन्त्रका लागि शिखर सम्मेलनका संयुक्त आयोजकहरू मान्छन् कि स्वतन्त्रताको रक्षा गर्न लोकतान्त्रिक राष्ट्रहरूले सामूहिक रूपमा काम गर्नुपर्ने समय हो यो । लोकतन्त्रका लागि शिखर सम्मेलनको पहिलो संस्करणमा सहभागी सरकार तथा अधिकारीहरूले स्वदेश र विदेशमा लोकतन्त्रको सुदृढीकरण र सुरक्षाप्रति लक्षित झन्डै ७ सय ५० प्रतिबद्धताहरूको उद्घोष गरेका थिए । अमेरिकाले अझ उत्थानशील लोकतन्त्र निर्माण गर्न सार्थक कदमहरूको घोषणा गरेको थियो । नेपालले 'लोकतान्त्रिक व्यवस्था र आवधिक निर्वाचन तथा सर्वव्यापी मताधिकार, शक्ति पृथकीकरण, नियन्त्रण तथा सन्तुलन, न्यायपालिकाको स्वतन्त्रता, मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको संरक्षण र प्रवर्द्धन, व्यक्तिगत स्वतन्त्रता, प्रेस स्वतन्त्रता र कानुनी शासनप्रति पूर्ण प्रतिबद्धता' व्यक्त गरेको थियो । सहभागीहरूले शिखर सम्मेलनमा जनाएका प्रतिबद्धताहरूले पूर्णता नपाइसकेका भए तापनि विश्वभरका लोकतन्त्रहरूले १६ महिनाअघि मात्र सम्पन्न प्रथम शिखर सम्मेलनदेखि हालसम्म हासिल उपलब्धिहरूप्रति गर्व गर्नुपर्दछ ।

गत वैशाख र मंसिरमा नेपालले राष्ट्रिय निर्वाचनहरू सम्पन्न गऱ्यो जसलाई पर्यवेक्षकहरूले स्वतन्त्र, निष्पक्ष र समग्रमा शान्तिपूर्ण भएको टिप्पणी गरे । पुरुष तथा महिलाहरू, तेस्रोलिंगी व्यक्तिहरू, वृद्धवृद्धा तथा चुनावमा पहिलो पटकका सहभागीहरू, धनी तथा गरिबहरू, अपांगता भएका र नभएका व्यक्तिहरू, र विभिन्न जात, धर्म र समुदायका सदस्यहरू सबैले आफ्नो मतदान गरे । उनीहरूको मतले सत्ताको हस्तान्तरण शान्तिपूर्ण रूपमा भयो पनि ।

नेपाल परिवर्तनका लागि प्रयत्नरत रहेको, समावेशी लोकतन्त्रको आफ्ना संवैधानिक आकांक्षालाई साकार बनाउँदै गएको र आफ्ना सबै नागरिकका निम्ति राम्रो भविष्यको निर्माण गर्दै गरेको देशको एउटा उदाहरण हो । नेपालले राजनीतिक प्रक्रियामा अल्पसंख्यकहरूको सार्थक सहभागिता सुनिश्चित गर्न काम गरिरहेको छ भने आफ्नो सरकारी संरचनामा सरकारले प्रतिनिधित्व गरेका जनता प्रतिबिम्बित भएको निश्चित गर्न उपायहरू अपनाउँदै पनि छ ।

मानवअधिकार र कानुनी शासनका विषयमा, हालसम्म नेपाल सरकारले बलात्कार सम्बन्धी कानुनी हदम्याद बढाउने र तेजाब आक्रमणका दोषीहरूका सजायको व्यवस्थालाई बलियो बनाउनेलगायत कार्य गरी लैंगिक हिंसाको रोकथाम गर्न र लैंगिक हिंसाका घटनाप्रति प्रतिक्रिया जनाउन कानुन पारित गरेको छ । नेपालले तेस्रोलिंगीहरूको मानवअधिकारलाई प्रवर्द्धन गरेको छ जसले नेपाललाई यस मुद्दामा दक्षिण एसियामै अग्रणी बनाएको छ । नेपाल सरकारले नेपालीकै नेतृत्वमा अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको पीडित-केन्द्रित संक्रमणकालीन न्याय प्रक्रियाका लागि काम गर्न पनि जारी राखेको छ । हालसालै, तत्कालीन सत्तारूढ गठबन्धनका सातै दलले संक्रमणकालीन न्यायलाई नयाँ संसद्को उच्च प्राथमिकतामा राख्ने संकेत दिएका थिए भने यसबारे सार्वजनिक छलफल जारी छ, जसले यो महत्त्वपूर्ण विषयलाई संसद्को एजेन्डामा कायम राख्ने प्रयत्न गर्दै छ । र, न्यायाधीशहरूले कुनै राजनीतिज्ञ वा पार्टी लाइनअनुरूप नभई स्वतन्त्र रूपमा र विधिको शासनअनुकूल निर्णयहरू गरी नेपाली अदालतहरूको न्यायिक स्वतन्त्रता प्रदर्शन गरेका छन् ।

अमेरिकाले पनि आफ्ना प्रतिबद्धताहरू तय गरेको छ । प्रथम शिखर सम्मेलनमा हामीले लोकतान्त्रिक नवीकरणका लागि राष्ट्रपतीय पहल नामक कार्यक्रमतर्फ ४२ करोड ४४ लाख अमेरिकी डलर घोषणा गऱ्यौँ । उक्त पहलले ती परराष्ट्र नीति तथा वैदेशिक सहायता कार्यक्रमहरूको उल्लेखनीय संग्रहको प्रतिनिधित्व गर्दछ, जसले लोकतन्त्रलाई बलियो बनाउने र विश्वव्यापी रूपमा मानवअधिकारको रक्षा गर्ने दिशामा अमेरिकी सरकारको महत्त्वपूर्ण र निरन्तर कार्यलाई विस्तार गर्दछ । उक्त पहलमार्फत् गत वर्ष हामीले स्वदेश तथा विदेशमा स्वतन्त्र प्रेसको सुरक्षा बढाउन, भ्रष्टाचारविरुद्ध लड्न र निर्वाचनप्रतिको निष्ठालाई बलियो बनाउन काम गरेका छौँ । लोकतन्त्रबाट नै विश्वव्यापी चुनौतीहरूको समाधान हुन्छ र जनताको जीवनस्तरमा सुधार आउँछ भन्ने कुरा यी प्रतिबद्धताहरूले प्रस्तुत गर्दछन् । र, आफ्ना चुनौती र समस्याका बाबजुद पनि हामी आत्मचिन्तन र सुधार गर्न सक्षम लोकतान्त्रिक देशहरू हौँ भन्ने कुरा अमेरिका र नेपाल दुवै मुलुकका जीवन्त सञ्चारमाध्यम तथा नागरिक समाजले बारम्बार प्रमाणित गरेका छन् ।

अमेरिकी सरकारले न्यून तथा मध्यम आय भएका देशहरूमा स्वतन्त्र सञ्चारमाध्यमलाई निरन्तर सहयोग गर्दै आएको छ र चाँडै नै एउटा नयाँ किसिमको बिमा संयन्त्र सुरु गर्नेछ जसले पत्रकार, नागरिक समाजका अभियन्ता र तिनीहरूका संस्थाको रिपोर्टिङलाई मौन बनाउने अभिप्रायले उनीहरूमाथि लगाइने मानहानि, गालीबेइजती र अन्य मुद्दाहरूका विरुद्ध उनीहरूको प्रतिरक्षा गर्न आवश्यक खर्च समेट्नेछ । नेपालको हकमा काठमाडौंस्थित अमेरिकी दूतावासले दुष्प्रचारका विरुद्ध लड्न र पत्रकारितामा रुचि राख्ने सिमान्तीकृत पृष्ठभूमिका व्यक्तिहरूलाई तालिम दिनका लागि मिडिया संगठनहरूसँग साझेदारी गरेको छ । हामीले रिपोर्टिङका लागि भ्रमणहरूको पनि आयोजना गरेका छौँ, जसअन्तर्गत नेपाली पत्रकारहरू अमेरिकी मिडियासँग अन्तरक्रिया गर्न र आफ्नै दृष्टिकोणबाट रिपोर्टिङ गर्न अमेरिका गएका पनि छन् ।

अमेरिकाले भ्रष्टाचारीलाई जवाफदेह बनाउने प्रयत्न बढाएर र उनीहरूका साथै उनीहरूले गलत तरिकाबाट आर्जन गरेको लाभका लागि सुरक्षित आश्रय नदिएर भ्रष्टाचारविरुद्धको लडाइँलाई विस्तार गरेको छ । हामीले नेपाललगायत अन्तर्राष्ट्रिय समुदायका आफ्ना साझेदारहरूसँग भ्रष्टाचार रोकथाम गर्न र विधिको शासनलाई सुदृढ पार्नका लागि सहकार्य गरिरहेका छौँ । हामीले नागरिक समाज, सञ्चारमाध्यम र निजी क्षेत्रलाई सशक्त बन्न मद्दत गरेका छौँ र धम्कीहरूको निर्णायक रूपमा प्रतिकार गरेका छौँ । विदेशमा हामीले भ्रष्टाचार नियन्त्रण र न्यूनीकरण गर्न बलियो सहयोग प्रदान गरेका छौँ ।

मुख्य प्रतिबद्धताको रूपमा अमेरिकाले निर्वाचनप्रतिको निष्ठालाई बलियो बनाउने वाचा गरेको छ । स्वदेशको कुरा गर्दा, राष्ट्रपति बाइडेनको बजेटमा निर्वाचन संरचनाका निम्ति हालसम्मकै ठूलो लगानी प्रस्ताव गरिएको छ । विश्वव्यापी रूपमा चाहिँ अमेरिकी सरकारले निर्वाचनको निष्ठा सुनिश्चित गर्न सञ्जाल विकास गर्न मद्दत गरेको छ । काठमाडौंस्थित अमेरिकी दूतावासले यूएसएआईडीमार्फत् लोकतान्त्रिक सिद्धान्तलाई बलियो बनाउन र संघीयतामा नेपालको आफ्नै रूपान्तरणलाई अगाडि बढाउन सरकार, नागरिक समाज र जनतासँग साझेदारी गरी नेपालको लोकतान्त्रिक विकासमा सहयोग गरेको छ ।

विश्वका लोकतान्त्रिक मुलुकहरूले गएको वर्ष जतिसुकै उपलब्धि हासिल गरे तापनि दुष्प्रचार, राजनीतिक तथा सामाजिक अस्थिरता, भ्रष्टाचार र मतदान अधिकार तथा मानवअधिकारको क्षयीकरणजस्ता सम्बोधन गर्नुपर्ने गम्भीर चुनौतीहरू बाँकी नै छन् । यस्ता अवस्थाहरूका कारण सरकारप्रति अविश्वास जाग्न सक्छ र आफ्नो समुदाय तथा देशमा ठूलो योगदान गर्न सक्ने मानिसमा उदासीनता देखिन सक्छ, मतदाता संख्यामा ह्रास आउन सक्छ र सार्वजनिक सेवाप्रति वितृष्णा पैदा हुन सक्छ ।

लोकतन्त्र भनेको सरकारको सबैभन्दा कठिन रूप हो, तर लोकतन्त्र नै त्यस्तो स्वरूप हो जसले सामान्यत: नागरिक र समुदायलाई ठूलो फाइदा पुऱ्याउने अत्यधिक क्षमता राख्छ । यो कठोर परिश्रमको लायक छ र यसलाई हल्का रूपमा लिनु हुँदैन । लोकतन्त्रप्रतिको नवीकृत प्रतिबद्धतामार्फत् उदाहरण कायम गरेका नेपालजस्ता हाम्रा लोकतान्त्रिक मित्र तथा साझेदारहरूसँग सहकार्य गर्दै हामीले सँगै भोग्ने चुनौतीहरूको सामना गर्ने र हामी सबैका लागि अझै राम्रो, समतामूलक, समृद्ध र लोकतान्त्रिक विश्व निर्माण गर्ने बाटो तय गरेका छौँ ।

*(साभार: ई-कान्तिपुर)*

# गतिशून्य अर्थतन्त्र, छैन 'ड्राइभिङ फोर्स'



काठमाडौं/काठमाडौंको गोल्कुपाखामा किराना पसल चलाइरहेकी दिलशोभा ढकाल आजभोलि व्यापार घटेको देखेर चकित छिन् । दैनिक गुजारासहित कोठाभाडा र ३ छोराछोरीको पढाइ खर्च धान्न अहिलेसम्म सहयोगी बनेको पसलमा आउने ग्राहकहरु हिजोआज सकेसम्म कम किन्न खोज्छन् । यसले उनको व्यापारमा नाफा मात्रै घटेको छैन, काठमाडौंमा टिक्न सकिन्छ भन्ने आत्मविश्वास पनि घट्दै गएको छ ।

'महामारीको लकडाउनमा तरकारी मात्रै बेचेर भए पनि जेनतेन चलेको थियो, अहिले त आफ्नो खर्च पनि घटाउन सकिएको छैन, हुने आम्दानी त सुक्नै लागिसक्यो,' उनी भन्छिन्, 'होलसेल सामान बेच्नेहरु पनि व्यापार छैन भन्छन्, आखिरमा भएको के हो ?'

अहिले दिलशोभाको जस्तो प्रश्न गर्नेहरु धेरै छन् । अवस्था ठीकठाक हुँदाहुँदै पनि पसलेहरु व्यापार घटिरहेको बताउँछन् । उपभोक्तालाई खर्च घटेको महसुस भएको छैन, बरु महँगीको रापले उनीहरु पनि छटपटाएका छन् । गत माघमा वार्षिक बिन्दुगत उपभोक्ता मूल्यवृद्धिदर ७.८८ प्रतिशत पुगेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मूल्यवृद्धिदर ६.२४ प्रतिशत थियो ।

अहिले समग्र बजारको अवस्था हेरेर धेरैले देशभित्र आर्थिक मन्दी सुरु भएको आँकलन गरेका छन् । कुनै-कुनै क्षेत्रमा महसुस हुनेगरी मन्दी नदेखिएको हैन, तर समग्र अर्थतन्त्रमा मन्दी आएको हो भन्ने स्पष्ट आधार भेटिएको छैन । तर, अर्थतन्त्रको बाह्य क्षेत्र बाहेकका वास्तविक, सरकारी वित्त र मौद्रिक क्षेत्र दबावकै अवस्थामा छन् । गत वर्ष अर्थतन्त्रको शोधनान्तर, विदेशी विनिमय सञ्चिति, व्यापार घाटा लगायत बाह्य क्षेत्रका परिसूचकहरु जीर्ण अवस्थामा पुगेपछि आयातमा नगद मार्जिनसहित विभिन्न बिलासी वस्तुको आयातमा प्रतिबन्ध लगाउनेसम्मका काम भए ।

अहिले ती प्रतिबन्धात्मक व्यवस्थाहरु हट्दा पनि बाह्य क्षेत्र सुविधाजनक अवस्थामै छ । गत माघसम्म शोधनान्तर स्थिति १३३ अर्ब २१ करोड रुपैयाँले बचतमा पुगेको छ । कूल विदेशी विनिमय सञ्चिति १३ खर्ब ८३ अर्ब ३३ करोड रुपैयाँ अर्थात् अमेरिकी डलरमा १० अर्ब ५० करोडमा पुगेको छ । जसले १०.८ महिनाको वस्तु आयात र ९.४ महिनाको वस्तु तथा सेवा आयात धान्छ । बाह्य क्षेत्र दबावमुक्त हुँदा पनि अर्थतन्त्रका अन्य क्षेत्रहरुले जुन समस्या भोगिरहेका छन्, त्यसले अर्थतन्त्रमा गम्भीर समस्या आउँछ कि भन्ने त्रास सर्वत्र छ ।

**दबाव झेल्दै सरकारी वित्त**

सरकारलाई राजस्वले चालु खर्च धान्न मुस्किल परिरहेको छ । सरकारले ठूलो बजेट घाटा भोग्नुपरेको छ । यो वर्षको लक्षित राजस्व नै उठेको छैन, गत वर्षको भन्दा पनि असुली कम छ । मंगलबार सम्म सरकारले ८ खर्ब २२ अर्ब रुपैयाँ कूल खर्च गर्दा ६ खर्ब ४१ अर्ब रुपैयाँ चालुतर्फ र ८७ अर्ब वित्तीयतर्फ खर्च भएको छ । जबकी सरकारले मंगलबारसम्म ६ खर्ब ७ अर्ब रुपैयाँ बराबर मात्रै कूल राजस्व असुल्न सकेको छ ।

चालु आर्थिक वर्ष २०७९/०८० को ८ महिना (फागुन मसान्त)सम्म सरकारले कूल राजस्व लक्ष्यको ४३.५३ प्रतिशत मात्र संकलन गर्न सकेको छ । आर्थिक वर्षको दुई तिहाइ समय व्यतित भइसक्दा आयातमा आधारित भन्सारसहित र आन्तरिक दुवै आम्दानी घट्न पुगेका छन् । अघिल्लो आर्थिक वर्ष २०७८/०७९मा फागुनसम्म आन्तरिक राजस्व २ खर्ब ८५ अर्ब १२ करोड रुपैयाँ उठाएको आन्तरिक राजस्व विभागले यो वर्षको फागुनसम्म ३ खर्ब ५३ अर्ब ९१ करोड रुपैयाँ राजस्व संकलनको लक्ष्य राखेको थियो । तर, २ खर्ब ८१ अर्ब ९९ करोड रुपैयाँ मात्र संकलन गर्नसक्यो, जुन लक्ष्यको तुलनामा ७९.६८ प्रतिशत मात्र हो ।

तथ्यांक अनुसार फागुनसम्म विभागले १ खर्ब ५८ अर्ब रुपैयाँ (लक्ष्यको ७३.९८ प्रतिशत) आयकर संकलनको लक्ष्य राखेमा १ खर्ब १७ अर्ब रुपैयाँ (लक्ष्यको ८३.३२ प्रतिशत) मात्र उठाउन सक्यो । आन्तरिकतर्फ मूल्य अभिवृद्धि कर (भ्याट) ८२ अर्ब ५४ करोड संकलनको लक्ष्य राखिएकोमा ६८ अर्ब ७७ करोड रुपैयाँ मात्र संकलन भयो ।

मुलुकको आन्तरिक अर्थतन्त्र कति चलायमान छ भनेर समेत संकेत गर्ने भ्याट र आय कर राजस्व नै घट्नुले सकारात्मक संकेत गर्दैन । यसबाहेक अन्तशुल्कमा ७६ अर्ब ८२ करोडको लक्ष्य राखिएकोमा ६४ अर्ब ८१ करोड रुपैयाँ मात्र संकलन भएको छ । भन्सार तर्फ पनि फागुनसम्म २ खर्ब ५० अर्ब रुपैयाँ मात्र राजस्व संकलन भएको छ । यस अवधिमा सरकारले भन्सार बाट ३ खर्ब ७५ अर्ब रुपैयाँ राजस्व संकलनको लक्ष्य राखेको थियो ।

यसका कारण सरकार खर्च कोटौतीको दबावमा छ । ठेक्का लागेर दायित्व सिर्जना भइसकेका बाहेकका बजेटमै समेटिएका योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न समेत अहिले विकासे अड्डाहरु अर्थमन्त्रालयमा पूर्वस्वीकृति लिन पुग्नु परिरहेको छ । यसका कारण यसै कमजोर रहने पूँजीगत खर्चको दर झन् कमजोर भएको छ । आर्थिक वर्षको साढे ३ महिना बाँकी रहँदा करिब २५ प्रतिशत मात्रै पूँजीगत खर्च हुन सकेको छ । ३ खर्ब ८० अर्बको विकास बजेट विनियोजन गरिए पनि मंगलबारसम्म ९३ अर्ब ४६ करोड मात्रै खर्च भएको छ ।

**शिथिल आर्थिक गतिविधि**

सरकारको वित्त दबावमा रहँदाको असर निर्माण क्षेत्र हुँदै उद्योगहरुसम्म परेको छ । नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रबि सिंहको भनाइ मान्ने हो भने सरकारले करिब ६० अर्ब रुपैयाँ भुक्तानी दिएको छैन । सो रकम भुक्तानी हुने हो भने निर्माण क्षेत्रले राहत पाउने उनको भनाइ छ ।

'स्वदेशमै उत्पादित स्टिलसहित विदेशबाट आयात हुने सबैजसो निर्माण सामग्री र बैंक ऋणको ब्याज महँगिएकाले निजी परियोजनाहरु समेत अघि बढेका छैनन्,' अध्यक्ष सिंह भन्छन्, 'घर बनाए पनि भाडमा नलाग्ने, हाउजिङ नबिक्ने, उद्योग खोले पनि नाफा नहुने भएपछि निर्माणको काम रोकिने नै भयो ।'

उनका अनुसार आयातित वस्तु र इन्धनको उच्च मूल्यले ढुवानी खर्च बढाएपछि परियोजनाहरुको लागत बढेको छ । यसकारण कतिपय जलविद्युत परियोजनाहरुले निर्माण रोकेका छन् । इँटा र सिमेन्टको मूल्य अहिले केही घटेको भन्दै उनले यस्तो अवस्थामा पनि निर्माण उद्योग मन्दीमा जानु गतिलो संकेत नभएको बताए ।

नेपाल राष्ट्र बैंकले पनि निर्माण क्षेत्रको मन्दीलाई गम्भीर रुपमा लिएको छ । गभर्नर महाप्रसाद अधिकारीले मध्यावधि समीक्षामार्फत प्रक्षेपित आर्थिक वृद्धिको लक्ष्य समेत निर्माण क्षेत्रको मन्दीका कारण पूरा नहुने अवस्था आएको बताउँछन् । सन् २०२३ मा विश्व अर्थतन्त्र नै मन्दीमा रहेकाले नेपालको अर्थतन्त्र पनि ४ प्रतिशतदेखि ५ प्रतिशतसम्म मात्र विस्तार हुने उनको विश्लेषण छ ।

'नेपालको अर्थतन्त्र ५ प्रतिशतभन्दा बढी विस्तार हुने अनुमान रहेकोमा पछिल्लो समय निर्माण क्षेत्रबाट आएको मन्दीको प्रत्यक्ष असर सिमेन्ट र डण्डी उद्योगमा परेकाले सोचेअनुसारको आर्थिक वृद्धि नहुन सक्छ,' मंगलबार आयोजित 'देशको वर्तमान आर्थिक अवस्था' विषयक कार्यक्रममा उनले भने । उद्योगी-व्यवसायीहरु अहिले समस्या मात्र सुनाउने अवस्थामा पुगेका छन् । बजारमा वस्तु तथा सेवको मागमा कमी आएको छ । माग घटेसँगै उत्पादन सुस्ताएको छ । उद्योग, व्यापार, सेवा क्षेत्र सबै व्यवसाय सुस्त छ ।

ठूला व्यवसायी उधारो नउठ्ने समस्याले पीडित छन् भने साना व्यवसायी उधारोमा होलसेल कारोबार हुन कम भएपछि समस्या भोगिरहेका छन् । यस्तो बेला मागमा आएको कमीले बजारको आपूर्ति चक्र बिथोलिन पुगेको छ । यही बेलामा सेयर र घरजग्गा कारोबारमा पनि मन्दीमा छ । यसको असर अटोमोबाइल्सलगायत बिलासी वस्तुको व्यापारसम्म परेको छ । ऋण तिर्न चल्तीको मूल्यभन्दा कममा घरजग्गा बेच्न खोज्दा पनि नबिक्ने समस्या छ । आर्थिक समस्यामा परेपछि ठूला व्यवसायीहरु पनि आफ्ना जग्गा बेच्न कस्सिएका छन्, तर बिकीरहेको छैन ।

गत फागुनमा देशभर ४० हजार ७३४ कित्ता जग्गाको लिखत पारित भए । जबकी, २०७८ को फागुनमा ७४ हजार ३६ र २०७७ को फागुनमा ७६ हजार ४९१ लिखत पारित भएका थिए । यो अवस्थाले घरजग्गा कारोबार शिथिल भएको स्पष्ट गर्छ ।

यस्तो आर्थिक प्रतिकूलतामा व्यवसायीहरुले नयाँ योजनामा काम गर्न नचाहँदा तरलता अभाव कम हुँदै गर्दा पनि बैंकहरुले लगानी विस्तार गर्न सकेका छैनन् । नयाँ परियोजनाका लागि ऋण लिन बैंक जानेहरु नै छैनन् । कर्जाको ब्याजदर केही महिनाअघिको भन्दा घट्दो दरमा छ । पुसमा १०.९१ प्रतिशत रहेको बैंकको आधार दर माघमा १०.७ प्रतिशतमा झरेको थियो । व्यवसायीहरु भने उच्च दरमा बढेको व्याजदरलाई नै अहिलेको समस्याको कारक भनिरहेका छन् ।

नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष अञ्जन श्रेष्ठ बैंक तथा वित्तीय संस्थाहरुले ब्याजदरमा २० प्रतिशतभन्दा बढी नाफा खाँदा अर्थतन्त्रमा यस्तो मन्दी आएको आरोप लगाउँछन् । बैंकले उद्योगीहरुसँग लिएको प्रिमियम ब्याजदर ज्यादै धेरै भएको भन्दै त्यसलाई तत्काल घटाउनुपर्ने उनको माग छ । 'उद्योगी-व्यवसायीलाई नाफामा २० प्रतिशतभन्दा धेरै लिन नपाइने भन्दै दशकौं पुरानो कालाबजारी ऐन कानुन लागू गरेर दु:ख दिइन्छ', उपाध्यक्ष श्रेष्ठ भन्छन्, 'तर, बैंकले ब्याजदरमा ६० प्रतिशतसम्म प्रिमियम लिँदा सरकार र नियामकले वास्ता गर्दैनन् ।'

सरकारी खर्च कम हुँदा बजारमा तरलताको अभाव भएको र उद्योग-व्यवसाय नै धरासायी हुँदा पूँजी निर्माण कठिन भएको उनको भनाइ छ । पूँजीबजार पनि यही बेला ओरालो लागेको छ । २ भदौ २०७८ मा ३१९९ अंकमा पुगेको नेप्से परिसूचक अहिले १९०० को विन्दुमा झरेको छ । ४४ खर्ब ६८ अर्ब पुगेको सेयर बजारको पूँजीकरण २७ खर्ब ७९ अर्ब बराबरमा आइपुगेको छ । साना र मध्यम लगानीकर्ताको लगानी सेयर बजारमा फसेको छ । बजार बढ्ने आशमा रहेका लगानीकर्ताले अहिलेसम्म सुखद् संकेत देख्न पाएका छैनन् ।

**गतिशून्य अर्थतन्त्र**

राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक डा. नरबहादुर थापा अहिले अर्थतन्त्र गतिशून्य अवस्थामा पुगेको बताउँछन् । २०७२ को महाभूकम्प पछि पुनर्निर्माणको अभियानले देशभर अर्थतन्त्रलाई चलायमान गराउन सघाएको भन्दै उनले त्यो अभियान सकिएसँगै अर्थतन्त्र अनुकूल अर्को वातावरण नबनेको बताए ।

सरकारले २०७८ पुसमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण विघटन गरेर पुनर्निर्माणको लागि थप ठूलो बजेट परिचालन नगर्ने नीति लियो । सरकारका तर्फबाट मात्रै पुनर्निर्माणमा करिब ५ खर्ब खर्च भयो भने व्यक्तिगत रुपमा भूकम्पपीडितले त्योभन्दा बढी रकम खर्च गरेका थिए । 'पुनर्निर्माणले गाउँ-गाउँसम्म पैसा पुगेको थियो, इन्जिनियर र मजदुर पुगेका थिए, निर्माणको गतिविधि तीव्र भएको थियो,' राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक थापा भन्छन्, 'त्यसको बलमा लगातार ६ प्रतिशतभन्दा बढीको आर्थिक वृद्धि भएको थियो । अहिले त्यस्तो कुनै 'ड्राइभिङ फोर्स' नै छैन ।'

एउटा प्रगतिपछि अर्को विन्दुका लागि अघि बढ्नपर्ने बेला निजी क्षेत्र थप लगानीका लागि हच्किएको, वैदेशिक लगानी वार्षिक २० अर्बबाट १ अर्बमा झरेको, वैदेशिक सहायता परिचालन कमजोर भएको र सरकारको पूँजीगत खर्च गर्ने क्षमता समेत खिइँदै गएकाले अर्थतन्त्र गतिशून्य अवस्थामा पुगेको उनको टिप्पणी छ ।

महामारीपछि गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु पनि पैसा लिएर गाउँमा कमै पुग्न थालेकाले पनि अर्थतन्त्रको गतिमा असर गरेको बताए । महामारीपछिका पुनर्उद्धारका प्याकेजले केही समय हौसिएको अर्थतन्त्र सस्तो ब्याजदरमा ऋणको साटो नियन्त्रणमुखी नीति लिँदा समस्यामा परेको थियो । त्यसपछि सरकारले त्यसलाई ठीक बाटोमा ल्याउने गरी काम नगर्दा अहिले जटिल अवस्था आएको हो ।

अर्थतन्त्र चलायमान गराउन उत्पादन, रोजगारी र प्रविधि प्रवर्द्धनका लागि ठूला परियोजनाहरु आवश्यक रहेको बताउने पूर्वकार्यकारी निर्देशक डा. थापा अहिले त्यसकै अभाव रहेको औंल्याउँछन् । सरकार आफैंले परिवर्तनकारी केही ठूला परियोजनाहरु मात्रै अघि बढाए पनि निजी क्षेत्रको आत्मविश्वास बढ्ने र अर्थतन्त्रले फेरि गति लिने उनको भनाइ छ । 'सरकारले यति धेरै लक्ष्य, उद्देश्य र कार्यक्रमहरु बनाएको छ, त्यसका लागि योजनासहित अघि बढ्ने हो भने पनि अर्थतन्त्रको समस्या कम हुँदै जान्छन्,' उनी भन्छन्, 'गति शून्य भएको अर्थतन्त्रलाई 'किक् स्टार्ट' गर्न आवश्यक छ । त्यो तत्परता नै अहिलेको मूल प्रश्न हो ।'

राष्ट्र बैंकका गभर्नर अधिकारी आर्थिक क्रियाकलाप शिथिल हुँदै गर्दा कतिपय क्षेत्रमा नैराश्यता देखिएको स्वीकार्छन् । उनको अनुभवमा पनि अहिले निजी क्षेत्रको मनोबल गिरेको स्पष्ट देखिएको छ । 'बजारमा माग घटेर गएको प्रत्यक्ष असर व्यक्ति-व्यक्तिमा परेको देखिन्छ,' उनले भने, 'हाम्रो समग्र आर्थिक सूचक भने नकारात्मक छैन । समग्र आर्थिक सन्तुलन त्यति बिग्रिएको छैन । सरकारी वित्त घाटाबाहेक अरु सूचकमा खासै समस्या छैन ।'

अर्थतन्त्रको बाह्य क्षेत्र बढी संवेदनशील हुने बताउँदै उनले देशभित्रका विषय सरोकारवालाहरु बसेर सम्बोधन गर्न सकिने बताए । अर्थतन्त्र रेमिट्यान्स माथि निर्भर रहेको भन्दै उनले आर्थिक पुनरसंरचनामा लाग्नुपर्ने औंल्याए । 'अर्थतन्त्र जस्तो चलेको छ, त्यसमै सन्तुष्टि मान्दा कुनै पनि समयमा हामी असहज अवस्थामा पुग्न सक्छौं,' उनी भन्छन्, 'रेमिट्यान्स आएको छ । त्यही पैसाले आयात गरेका छौं, त्यसमै रमाएका छौं, त्यसैले पुगेको पनि छ । रेमिट्यान्समा तल-माथि भएको दिन के गर्ने ?' गभर्नर अधिकारीले चालु आर्थिक वर्षमा बैंकिङ प्रणालीमा ४ खर्ब तरलता थप भएको भन्दै त्यसमा रेमिट्यान्सको ठूलो भूमिका रहेको बताए । आयात प्रतिस्थापन गर्नसक्ने वस्तु पहिचान गरेर त्यसमा लाग्नुपर्ने उनको भनाइ छ ।

यो वर्ष राजस्व बढ्न मुश्किल रहेको भन्दै निजी क्षेत्रको आम्दानी घटेकाले कर्पोरेट कर घट्ने अवस्था रहेको गभर्नर अधिकारीले औंल्याए । आयातमा आधारित राजस्व भएकाले आयातबाट पनि यो वर्ष राजस्व बढ्ने अवस्था नरहेको उनको निष्कर्ष छ । कांग्रेस नेता तथा अर्थविद् डा. गोविन्दराज पोखेल मुलुकमा आर्थिक सुशासन कमजोर रहेको र उद्योग व्यवसायीले नियमभित्र बसेर काम नै गर्न नसक्ने अवस्था रहेको बताउँछन् । उनका अनुसार स्वदेशी र विदेशी दुवै लगानीको सूचक निराशाजनक छ, प्रतिवद्धता आउने तर लगानी नआउने अवस्था छ । लगानी नभएपछि रोजगारीको अवसर नै सिर्जना नहुने र भविष्यमा कर तिर्ने मान्छे देशमा नहुने अवस्था आउने डा. पोखरेलको तर्क छ ।

यस्तो बेला बैंक र सहकारीले अनुत्पादक क्षेत्रमा बढाएको लगानी रोक्नुपर्ने डा. पोखरेल बताउँछन् । 'सहकारीको ७ खर्ब लगानी छ । जग्गामा भएको लगानी तुरुन्तै असुल हुँदैन,' उनी भन्छन्, 'निक्षेपकर्ता सहकारी डुब्न लाग्यो भन्ने हल्लाले पैसा लिन आउँछन् । सञ्चालकले पैसा कहाँबाट दिने ? अनि सहकारी सञ्चालक नभागेर के गर्ने ? यो त ठूलो समस्या भयो ।'

उनले अहिले ऋण पाउन समस्या भएको बताए । २ खर्ब लगानी गर्न मिल्ने पैसा बैंकमा छ भन्ने तथ्यांक आए पनि व्यवसाय गर्नेले ऋण नपाएको उनले बताए । अर्का अर्थविद् डा. अच्युत वाग्ले मीठो-मीठो बोलेर काम चलाउने परिपाटीले अर्थतन्त्रमा गम्भीर समस्या आएको बताउँछन् । अर्थतन्त्रमा वर्षौंदेखि पुरानै समस्या दोहोरिएको भन्दै उनले यसको कारण र समाधान खोज्न जिम्मेवार पक्ष कहिल्यै नलागेको बताए ।

राजस्वले चालु खर्च धान्न नसक्ने अवस्था १९८४ पछि पहिलोपटक आएको मान्ने डा. वाग्ले 'मुद्रास्फीति' भनेर बोल्न पनि नजान्ने अर्थमन्त्री ल्याउने चलनले अर्थतन्त्रमा सुधार नहुने बताउँछन् । निजी क्षेत्रमैत्री राज्य पनि आवश्यक रहेको उनको भनाइ छ । 'सार्वजनिक यातायात, जलविद्युत, शिक्षा, स्वास्थ्य, मेडिकल कलेज, बैंकिङ लगायत ठूला पूर्वाधार निजी क्षेत्रले सिर्जना गरेको छ,' उनी भन्छन्, 'यस्तोमा निजी क्षेत्रमा सधैं शंका गर्नु हुँदैन । निजी क्षेत्रले पनि न्युन बिजकीकरणमा आयात गर्न बन्द गर्नुपर्छ ।'

नेपाल बैंक तथा वित्तीय संस्था परिसंघका अध्यक्ष पवन गोल्यान उद्योग र व्यापारमा फरक ब्याजदर कायम गर्नुपर्ने र कम्तिमा उद्योगको लागि एकल अंकको ब्याजदर चाहिने बताउँछन् । कृषिलाई संरक्षण नदिएसम्म अर्थतन्त्रको समस्याहरु समाधान नहुने उनको भनाइ छ ।

*(स्रोत: अनलाइनखबर)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# 'नाईं नभन्नू ल ६' ट्रेलरमा प्रेम र वियोग



काठमाडौं/विकासराज आचार्य निर्देशित फिल्म 'नाईं नभन्नू ल ६'को ट्रेलर सार्वजनिक गरिएको छ । बिहीबार इन्टरनेट रिलिज गरिएको ट्रेलर प्रेम र वियोगले भरिएको छ । अनुभव रेग्मी र योगिशा खत्रीको प्रेमबाट सुरु भएको ट्रेलर डेब्यू ब्वाई आशिर्वाद क्षेत्री र अभिनेत्री आँचल शर्माको प्रेम वियोगमा पुगेर टुंगिएको छ । ट्रेलरमा आँचलको प्रेमका खातिर आशिर्वादले गरेको एक्सन पनि समावेश छ ।

आशिर्वाद हाबी देखिएको ट्रेलरमा केकी अधिकारी, प्रियंका कार्की, सरोज खनाल, खड्ग बहादुर पुन (खबपु), अभिनेता निखिल उप्रेतीका छोरा अथर्वले पनि स्थान पाएका छन् । ट्रेलर हेर्दा यसपटक निर्देशक आचार्यले 'नाईं नभन्नू ल' सिरिजमै पहिलो पटक प्रेममा एक्सन मिसाएर दर्शकलाई नयाँ स्वाद दिन खोजेको देखिन्छ । ट्रेलरमा आशिर्वाद एक्सन अवतारमा छरितो देखिएका छन् ।

फिल्मलाई निर्देशक आचार्य, सामीप्यराज तिमल्सिना र अरुणदेव जोशीले लेखेका हुन् । भुपेन्द्र रायमाझी, बसन्त सापकोटा र शरद शंकरको संगीत रहेको फिल्म नयाँ वर्षको अवसर पारेर आगामी बैशाख १ गतेबाट प्रदर्शनमा आउने तयारीमा छ । 'नाईं नभन्नू ल'का अघिल्ला पाँचवटै श्रृंखला घरेलू बक्सअफिसमा निकै सफल भएकाले छैटौं सिरिजलाई लिएर पनि दर्शकमा अपेक्षा उच्च छ ।

आख्यान फिल्म्सको ब्यानरमा निर्माण भएको फिल्मको निर्मातामा विकासराज आचार्य र विष्णुमणि दाहाल छन् भने सञ्जय न्यौपाने, रमेश चौधरी, पुरुषोत्तम प्रधान कार्यकारी निर्मातामा छन् । फिल्ममा हिमाल केसीको द्वन्द्व निर्देशन, पुरुषोत्तम प्रधानको छायांकन, सन्देश शाहको सम्पादन, एलिस कार्कीको ब्याकग्राउन्ड स्कोर, कविराज गहतराज र मनोज विश्वकर्माको कोरियोग्राफी रहेको छ ।

# सौगात र सृष्टिको ब्रेकअप चर्चा




काठमाडौं/कलाकारहरुको प्रेम गाँसिनु र ब्रेकअप हुनु संसारमै नौलो कुरा होइन । न त नेपाली फिल्म क्षेत्रमा । हरेक हप्ता वा महिनामा कुनै न कुनै कलाकारको प्रेम र ब्रेकअपको खबरले मिडियाका पेज थ्री भरिने गरेको हुन्छ । यतिबेला अभिनेता सौगात मल्ल र अभिनेत्री सृष्टि श्रेष्ठको ब्रेकअपको चर्चाले फिल्म क्षेत्र गर्माएको छ । यी दुवैले ५ वर्षभन्दा लामो प्रेम सम्बन्धलाई पूर्णविराम लगाएको चर्चा छ ।

यो जोडी दुई वर्षदेखि विवाह बन्धनमा बाँधिने तयारीमा थियो । कोरोना महामारी नफैलिएको भए सम्भवत: २०७७ सालमा उनीहरु विवाह बन्धनमा बाँधिन पनि सक्थे । विवाहको कुरा गर्न सौगात २०७६ सालको दशैंताका सृष्टिको परिवारसँग भेट्न यूके पुगेका थिए । सृष्टिको परिवारले विवाहका लागि अनुमति पनि दिएको थियो । तर, विभिन्न कारणले उनीहरुको विवाह टर्दै आएको थियो ।

अब उनीहरुले प्रेम सम्बन्धलाई नै टुंग्याएको बताइन्छ । यतिबेला सृष्टि परिवारसँग यूकेमा छिन् । सौगातसँग ब्रेकअपपछि उनी युके उडेको निकट स्रोत बताउँछ । सौगात भने नेपालमा छन् । केही समय अघिसम्म सृष्टिले सौगातसँगका तस्विरहरु इन्स्टाग्राममा राख्ने गरेकी थिइन् । तर, अहिले ती कुनै पनि तस्विर उनको इन्स्टाग्राममा भेटिन्न । यसले पनि उनीहरुको ब्रेकअपको चर्चामा बल पुग्छ ।

एकअर्कालाई 'डेट' गर्न थालेदेखि उनीहरुले कहिल्यै प्रेम सम्बन्ध लुकाएनन् । सार्वजनिक कार्यक्रममा समेत प्राय: एकसाथ नै पुग्थे । उनीहरुले केही फिल्म पनि एकसाथ गरे । उनीहरुले एकअर्कालाई गर्ने प्रेम र केयरले धेरैलाई लोभ्याउँथ्यो । तर, अब दुवै दुई ध्रुव भएको चर्चा छ । प्रेम सम्बन्धलाई खुलेर व्यक्त गरेका सौगात र सृष्टिले ब्रेकअपको चर्चालाई कसरी लिन्छन्, त्यो हेर्न बाँकी छ ।

# दयाहाङको 'जारी'लाई काखा र 'बिहे पास'लाई पाखाको व्यवहार

काठमाडौं/आफ्नो सन्तान हरेक आमालाई प्यारो हुन्छ । फिल्म पनि कलाकारका लागि सन्तान हो । प्रि-प्रोडक्सनदेखि डबिङसम्म महिनौं दिन लाग्छ । भलै, त्यसको उनीहरुले पारिश्रमिक पाउँछन् । तर, मिहिनेत र समय पारिश्रमिकभन्दा पनि मूल्यवान हुन्छ । फिल्ममा काम गरेपछि प्रदर्शनसम्म साथ-सहयोग गर्नु कलाकारको धर्म नै हो । जसरी एउटी आमाले सन्तानलाई हुर्काइ-बढाइ सक्षम बनाउँछिन् ।

तर, अभिनेता दयाहाङ राईले आगामी बैशाख १ गतेबाट प्रदर्शन हुन लागेको आफ्ना दुई फिल्म 'जारी' र 'बिहे पास'मध्ये एउटालाई काखा र अर्कोलाई पाखाको व्यवहार गरेको देखिएको छ । आफ्ना दुवै फिल्म नजुधोस् भन्ने उनले चाहँदा चाहँदै त्यो सम्भव भएन । दुवै फिल्म भिड्ने नै भएपछि उनले प्रचारमा दुवैलाई साथ-साथ लैजानु पर्थ्यो । तर, उनले 'जारी'लाई बढी नै काखी च्यापेका छन् ।

उनको फेसबुक हेर्ने हो भने 'जारी'मय छ । उनले कहिले यो फिल्मसँग सम्बन्धित समाचार त कहिले पोस्टर, टिजर, गीत र ट्रेलर सेअर गरेका छन् । जनवरी २२ देखि मार्च ८ सम्म उनको फेसबुकमा २४ वटा पोस्ट 'जारी'को मात्र छ । 'बिहे पास'को भने ट्रेलर, दुईवटा पोस्टर, एक गीत र टिजरको मात्र पोस्ट उनको फेसबुकमा छ । यसबाट नै उनले 'बिहे पास'लाई गरेको व्यवहार देखिन्छ ।

अहिले उनी अभिनीत फिल्म 'नाङ्गो गाउँ'को काभ्रेमा छायांकन भैरहेको छ । तर, उनले यो फिल्मको छायांकनबाट समय मिलाएर 'जारी'को प्रचार गर्न काठमाडौं आउजाउ गरिरहेका छन् । बुधबार उनले ६/७ घन्टसम्म फिल्मको बारेमा मिडियामा अन्तर्वार्ता दिए । तर, 'बिहे पास'का लागि उनले एक घण्टा पनि समय दिएका छैनन् । हुन त फिल्मको टिमले नै प्रचारमा चासो देखाएको छैन ।

उनले 'जारी'लाई काखी च्याप्नुको कारण यो उनको घरको फिल्म जस्तै हो । 'कबड्डी' श्रृंखलाका निर्देशक रामबाबु गुरुङको निर्माण र 'कबड्डी' श्रृंखलाकै लेखक उपेन्द्र सुब्बाको निर्देशन भएकाले उनले यो फिल्मलाई प्राथमिकता दिएका हुन् । तर, 'बिहे पास' पनि आफ्नै सन्तान हो भन्ने दयाहाङले विर्सनु हुन्न । कमसेकम सामाजिक सञ्जालमै भए पनि उनले 'बिहे पास'लाई राम्रो स्थान दिनुपर्छ ।

"तपाई हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

साझाकुरा

हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com



थाहा नगरपालिका वडा नम्बर-३ बाट बिनियोजित बजेटमार्फत् निर्माण भएको कुलवाज कृषि सडक । नवनिर्मित यस सडकले, लगभग १ सय ९० रोपनी राम्रो खेतीयोग्य जग्गा र १४ घरधुरी लाभान्वित भएको कुलवाज कृषि सडक उपभोक्ता समितिका गणेश विष्टले बताए । *तस्बिर: साझाकुरा ।*

# उद्धार गरिएका बालक अभिभावकको जिम्मामा

साझाकुरा संवाददाता

हेटौंडा, १६ चैत/ सामुदायिक विकास तथा सचेतना नेपालको पहल तथा जागृति बाल तथा युवा सरोकार नेपालको सहयोगमा बाध्यकारी तथा मानव बेचविखनको उच्च जोखिममा रहेका ८ नेपाली बालकको उद्धार गरिएको छ । विगत १५ बर्षदेखि बालबालिकाको क्षेत्रमा काम गर्दै आइरहेको सामुदायिक विकास तथा सचेतना नेपालले भारतीय सामाजिक संस्था र भारतीय प्रहरीको समन्वयमा उद्धार गरेको हो ।

उद्दार गरी ल्याइका बालकलाई राष्ट्रिय बालअधिकार परिषद्, मधेश प्रदेश प्रहरी कार्यालय, जिल्ला प्रहरी कार्यालय रौतहटलगायत सरोकारवाला निकायको समन्वयमा बिहीबार ६ जनालाई परिवारमा पुनर्मिलन र २ जनालाई मानवसेवा आश्रममार्फत् पारिवारिक पुर्नमिलन गर्ने गरी जिम्मा लगाइएको हो ।



पछिल्लो समय नेपालबाट विभिन्न बहानामा बालबालिका ओसार पसार गरी भारतलगायत अन्य मुलुकमा लैजाने क्रम बढेको साथै बालिका तथा महिलामात्रै बेचविखनमा पर्ने नभई बालक पनि उच्चजोखिममा रहेको यस घटनाबाट पुष्टि भएको छ । लामो समयदेखि भारतमा रहेका बालकको स्वदेश फिर्ता गरी पुनर्मिलन गराएका ८ जना बालक रौतहट, सर्लाही र बाँके जिल्लाका छन् ।

उद्धार गरी ल्याइएका बालक ११ देखि १६ वर्ष उमेर समूहका रहेका छन् । जिल्ला प्रहरी कार्यालय रौतहटको रोहवरमा भएको पारिवारिक पुनर्मिलन कार्यक्रममा सामुदायिक विकास तथा सचेतना नेपालका कार्यकारी निर्देशक दिलिप कोइरालाले स्थानीय निकायले आफ्नो पालिका भित्रको बालबालिकाको लेखाजोखा राख्ने र बालबालिका विभिन्न प्रलोभनमा भारत र नेपालको अन्य जिल्लामा जानबाट रोक्ने पहल गर्नुपर्ने बताए ।

कार्यक्रममा जागृति बाल तथा युवा सरोकार नेपालका अध्यक्ष तिलोत्तम पौडेलले बालबालिका सम्बन्धी ऐन २०७५ तथा नियमावली २०७९ को प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने बताए । सामुदायिक विकास तथा सचेतना नेपालका अध्यक्ष ध्रुवप्रसाद अधिकारीले पारिवारीक पुनर्मिलन कार्यक्रममा सहयोग गर्ने सम्पूर्णलाई धन्यबाद दिंदै स्थानीय पालिकासँग समन्वय गरी उद्धार गरेका बालकको निरन्तर अनुगमन गरी संस्थाले निरन्तर सहयोग गरिरहने बताए ।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख वीरबहादुर बुढा, प्रदेश बालबालिका खोज समन्वय केन्द्र जनकपुरका प्रहरी सहायक निरीक्षक वीरेन्द्रकुमार मण्डल, जागृति बाल तथा युवा सरोकार नेपालका प्रतिनिधि अरविन खड्का, बालबालिका खोज तलास मधेश प्रदेश प्रतिनिधि वीरेन्द्र मण्डल, सामुदायिक विकास तथा सचेतना नेपालका सचिव अनन्त बानियाँ, पत्रकार अशोकसुजन श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो ।

# जब ११४ वर्षीया 'आमा' भेट्न पुगे अध्यक्ष मल्ल

साझाकुरा संवाददाता

हेटौंडा, १६ चैत/ राक्सिराङ-७ छगुङकी बुद्धरानी चेपाङ आँखा, कान राम्ररी देख्न सुन्न सक्दिनन् । उमेरले एक सय १४ वर्ष भइसकेकी उनले आजसम्म न त सहर देखेकी छन् न त मोटर गाडी नै । गाउँमै जन्मिएर जीवनको झण्डै सवा सताब्दी काटिसकेकी बुद्धरानी कटुसले बारिएको हेर्दा शौचालय जस्तै देखिने सानो कटेरोमा जीवन काटिरहेको दृश्यले जोकोहीको मन भक्कानिन्छ ।

उसै त गरिबी र विपन्नता त्यसैमाथि आफ्नो सन्तान नभएपछि आफ्नी सौताकी नातिनी ज्वाईंको सहारामा बाँचिरहेकी छन् उनी । चेपाङ भाषामा बाहेक अन्य भाषामा कुराकानी गर्न नजान्ने बुद्धरानी ओछ्यानमै थलिएको लामो समय भइसक्यो । आफ्ना सन्तान नभएपछि उनी बिगत १५ वर्षदेखि सौताकी नातिनी ज्वाईं जतनलालको सहारामा जीवन कटाइरहेकी छन् ।

उनको पाखो बारीमा हुने उब्जनीले ३ महिना पनि खान पुग्दैन । बारीको उब्जनीबाट खान नपुग्दा बुद्धरानीका नातिनी ज्वाईं जतनलालले ज्याला मजदुरी गरी कमाएर मुस्किलले सासुआमासहित ९ जनाको परिवार पाल्दै आएका छन् । गरिबी र विपन्नताको चपेटामा झण्डै सवा सताब्दी कटाइसकेकी उनै बुद्धरानी र उनको परिवारलाई भेट्न बुधबार गाउँपालिकाका अध्यक्षसहितको टोली समस्या बुझ्न घरमा आइपुगेपछि उनीहरु दंग परे । गाउँपालिकाका अध्यक्ष आउँदै गरेको थाहा पाएर जतनलालले आफ्नी सासुआमालाई कटुसले बारिएको कटेरोबाट उठाएर टिनको छानोयुक्त घरतिर सारे ।

फिजिसिएन डाक्टर सहितको टोलीद्वारा स्वास्थ्य जाँच गरी आवश्यक औषधि र पोषण



सामग्रीसमेत पाएपछि बुद्धरानीका मुजा परेका गालामा खुसीका धर्साहरु देखिए । गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले ओड्ने कम्मल, फलफूलसहित विभिन्न प्रकारका पोषण सामग्री हातमा राखिदिँदा बुद्धरानीले खुसीका आँसु झार्दै चेपाङ भाषाबाटै भनिन् 'मैले यति धेरै कुरा पाएँ अब तिमीलाई म के दिउँ त ?', जवाफमा मल्लले हास्दै भने- 'तपाईले केही दिनु पर्दैन आमा, आशीर्वाद दिए पुग्छ ।', चेपाङ र नेपाली भाषाबाट भइरहेको संवादमा दोभाषेको भूमिकामा थिए ७ नम्बर वडाध्यक्ष रामबहादुर प्रजा ।

बुद्धरानीको नागरिकता समेत बनेको छैन । नागरिकता नभएकै कारण ज्येष्ठ नागरिक भत्तासमेत लिन नपाएकी बुद्धरानीलाई गाउँपालिकाका अध्यक्ष मल्लले अब आफ्नै तलब भत्ताबाट मासिक २ हजार रुपैयाँ उपलब्ध गराउने घोषणा गर्दै तत्काल २ हजार रुपैयाँसमेत हातमा थमाए । गाउँमै नागरिकताको टोली ल्याएर बुद्धरानीसहित नागरिकता बिहीनको नागरिकता बनाई भत्ता दिलाइदिने प्रतिवद्धतासमेत जनाए । कटुसको झुप्रोमा राख्ने गरेको थाहा पाएका गाउँपालिका अध्यक्ष मल्लले सासु आमालाई राम्रो स्याहार सुसार र हेरचाह गर्न उनका नातिनी ज्वाईंलाई सम्झाए । नियमित मासिक २ हजार रुपैयाँसहित आवश्यक खाद्यान्न र कपडाहरु नियमित उपलब्ध गराउने प्रतिवद्धता पनि उनले जनाए ।

बुद्धरानी जस्तै ज्येष्ठ नागरिकको समस्या सुन्ने र उनीहरुको स्वास्थ्य र पोषणमा ध्यान दिँदै घरमै डाक्टर बोकेर पुग्ने, बिरामी असक्तलाई घरमै स्वास्थ्य तथा अन्य सेवा दिनुका साथै गाउँटोलमै स्थानीय तहले दिने सेवाहरु लिएर जाने अभियान सञ्चालन गरेको राक्सिराङ गाउँपालिकाले आम गाउँबासीबाट स्याबासी पाइरहेको छ । एकीकृत घुम्ती शिविरमार्फत् गाउँटोलमै सेवा दिन मंगलबार राक्सिराङ ६ र ७ नम्बर वडामा पुगेको गाउँपालिकाको टोलीले एक दर्जन ज्येष्ठ नागरिकलाई भेटघाट गरी उनीहरुको स्वास्थ्य उपचारसमेत गरेको छ ।

शिविरमार्फत् ज्येष्ठ नागरिक भेटघाट, स्वास्थ्य परीक्षण र औषधि वितरण, पोषण सामग्री वितरण, स्वास्थ्य जाँचसहित कृषि पशुपंक्षीका सेवा प्रदान गरिएको थियो । 'सेवा लिने सबैको अधिकार, घरघरमा स्थानीय सरकार' भन्ने नाराका साथ गाउँबासीमा सबै किसिमका सेवाको पहुँच वृद्धि गर्दै सरल र सहज सेवा दिने उद्देश्यले गाउँपालिकाले गाउँटोलमै पुगी सेवा सञ्चालन गरिरहेको छ ।

एकीकृत शिविरमार्फत् घरघरमै पुगी बिरामी जाँचदेखि योजना अनुगमन र स्थलगत रुपमै भुक्तानीसम्मका सेवा प्रदान गरिरहेको छ । मंगलबार राक्सिराङ ७ स्थित जुरेथुममा एमबिबिएस डाक्टरसहितको स्वास्थ्य सेवा र निशुल्क औषधि वितरणका साथ स्थानीयलाई तरकारीका बीउ वितरण, पशुका रोगविरुद्धको औषधिसमेत निशुल्क उपलब्ध गराइएको थियो ।

खरको छानोमुक्त अभियान सञ्चालन गरेको गाउँपालिकाले खरको छाना भएका परिवारलाई घरमै पुगी जस्तापातासमेत वितरण गरेको थियो । बिजुली बत्तीको पहुँच पुगिनसकेको राक्सिराङ ७ का २३ परिवारलाई मंगलबार नै गाउँपालिकाले सोलार प्यानलको सेटसमेत प्रदान गरेको छ । ६ नम्बर वडामा महिला उद्यमशीलता तालिम सञ्चालन गर्नको लागि गाउँमा नै ६ थान सिलाई मेसिनसमेत पुऱ्याइएको थियो ।

जुरेथुममा आयोजित स्वास्थ्य शिविरमा गर्भवतीको भिडियो एक्सरे सेवादेखि क्षयरोग परीक्षणको लागि खकारको नमूना संकलनसमेत गरिएको राक्सिराङ अस्पतालका सिनियर अहेब यमप्रसाद गौतमले जानकारी दिए । एकीकृत शिविरमै व्यवसाय दर्ता, अपाङ्गता तथा ज्येष्ठ नागरिक परिचयपत्र वितरण, गरिब घरपरिवार परिचयपत्र वितरणसमेत गरिएको थियो ।

यसअघि ४ र ९ नम्बर वडामा छुट्टाछुट्टै शिविर सञ्चालन गरि सकेको गाउँपालिकाले वडा नम्बर १ र २ का लागि राक्सिराङ १ दुद्रुमा चैत २२ गतेलाई एकीकृत शिविरको कार्यक्रम तय गरेको छ । ३ र ५ नम्बर वडाका नागरिकलाई चैत १८ गते घरघर पुगी सेवा दिने कार्यक्रम तय गरिएको गाउँपालिकाका अध्यक्ष मल्लले जानकारी दिए ।

# बागमतीका १ लाख ६ हजार विद्यार्थीले एसइई दिँदै

साझाकुरा संवाददाता

हेटौंडा, १६ चैत/ यसवर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) आज शुक्रबार १७ चैतबाट सुरु हुँदैछ । परीक्षाका लागि आवश्यक तयारी पूरा भएको राष्ट्रिय परीक्षा बोर्ड (माध्यमिक शिक्षा परीक्षा, कक्षा १०) को कार्यालयले जनाएको छ ।

परीक्षा बिहान ८ बजेदेखि सुरु भई ११ बजेसम्म हुने जनाइएको छ । पहिलो दिन १७ गते अनिवार्य अंग्रेजी विषयको परीक्षा हुनेछ । सोही दिन वेद विद्याश्रमतर्फ अनिवार्य संस्कृत र साहित्यको परीक्षा हुनेछ । यस्तै, दोस्रो दिनको परीक्षा चैत १९ अनिवार्य गणितको हुनेछ भने चैत २० गते अनिवार्य नेपालीको परीक्षा हुनेछ । चैत २२ गते अनिवार्य विज्ञानको परीक्षा हुनेछ भने वेद विद्याश्रमतर्फ अनिवार्य संस्कृत व्याकरण तथा अनुवादको परीक्षा हुनेछ ।

परीक्षाका लागि देशभरमा गरी २ हजार ३७ परीक्षा केन्द्र तोकिएको छ । परीक्षामा ५ लाख १६ हजार ५ सय ९१ जना विद्यार्थी सामेल हुने जनाइएको छ । परीक्षामा सबैभन्दा बढी परीक्षार्थी बागमती प्रदेशका रहने छन् । यो प्रदेशका १ लाख ६ हजार विद्यार्थीले एसइई दिँदैछन् । कर्णाली प्रदेशबाट भने सबैभन्दा कम ४१ हजार विद्यार्थीले परीक्षामा सहभागिताका लागि फर्म भरेका छन् ।

# स्थापना दिवसमा प्रभातफेरी

साझाकुरा संवाददाता

हेटौंडा, १६ चैत/नेपाल पत्रकार महासंघको ६८ औं स्थापना दिवसका अवसरमा बिहीवार हेटौंडामा प्रभातफेरी कार्यक्रम गरिएको छ ।

पत्रकार महासंघ मकवानपुरको आयोजनामा हेटौंडामा प्रभातफेरी कार्यक्रम गरिएको हो । हेटौंडाको सीमाचोकबाट सुरु भएको ऱ्याली बुद्धचोक हुँदै पुन सीमाचोकमा आएर कोणसभामा परिणत भएको थियो । कार्यक्रममा नेपाल पत्रकार महासंघ बागमती प्रदेशका संस्थापक अध्यक्ष प्रताप विष्ट, पत्रकार महासंघ मकवानपुरका पूर्वअध्यक्षहरु राममणि दाहाल, भानुभक्त आचार्य, निवर्तमान अध्यक्ष हरि हुमागाईंलगायतको आतिथ्यता रहेको थियो । प्रभातफेरी कार्यक्रमको समापनमा बोल्दै पत्रकार महासंघ मकवानपुरका उपाध्यक्ष ध्रुव अधिकारीले महासंघ अहिलेको अवस्थासम्म आइपुग्नका लागि सबै क्षेत्रको उत्तिकै सहयोग रहेको बताए ।

**पुस्तक उपहार**

नेपाल पत्रकार महासंघ मकवानपुरको ६८ औं स्थापना दिवसको अवसरमा किताबघर हेटौंडाले किताब उपहार दिएको छ । पठन संस्कृतिको विकास गराउने उद्देश्यका साथ अघि बढेको किताब घरले पत्रकारको पठन संस्कृतिको निरन्तरताको लागि बिहीबार पुस्तक उपहार प्रदान गरेको हो । बिहीबार हेटौंडा-४ भैरवरोडमा रहेको किताबघरमा पुगी महासंघ मकवानपुरका उपाध्यक्ष ध्रुव अधिकारी र कोषाध्यक्ष केशव समर्पणले किताब घरको तर्फबाट प्राप्त किताब ग्रहण गरेका हुन् । किताबघरका सञ्चालक छवि अनित्यले शरच्चन्द्र वस्तीको 'हाम्रो भाषा' र डा. तीर्थबहादुर श्रेष्ठको 'नेपाल: नखुलेका पाटाहरु' उपहार प्रदान गरेका थिए ।

पत्रकारहरुले लेखनका साथै अध्ययनलाई अघि बढाउनु महत्वपूर्ण हुने भन्दै सञ्चारकर्मीसमेत रहेका अनित्यले महासंघ मकवानपुको पुस्तकालयमा राख्ने गरी महासंघको स्थापना दिवसको अवसरमा किताब उपहार दिएका हुन् । किताब घरले पठन संस्कृतिको विकास गर्ने उद्देश्यले व्यावसायिक तथा सेवामूलक कार्य गर्दै आइरहेको छ ।

# चेपाङको दुईतले घर जलेर नष्ट

साझाकुरा संवाददाता

हेटौंडा, १६ चैत/जिल्लाको विकट कैलाश गाउँपालिका-७ सर्सी टोलका फूलबहादुर चेपाङको दुईतले घर जलेर पूर्णरुपमा नष्ट भएको छ ।

बुधबार दिउँसो ३ बजे आगलागी हुँदा घरमा भएको खाद्यान्न र लत्ताकपडा समेत सबै जलेको वडा नम्वर ७ का वडाध्यक्ष उदाशकुमार भ्लोनले जानकारी दिए । बाटो र पानीको सहजता नभएको कारण आगो नियन्त्रणमा लिन नसकिएको उनले बताएका छन् ।

जंगलको डढेलोबाट उडेर आएको झिल्कोका कारण आगलागी भएको हुनसक्ने अनुमान गरिएको छ । आगलागीबाट अनुमानित ७ लाख रुपैंया बराबरको क्षति भएको हुनसक्ने वडाध्यक्ष भ्लोनले जानकारी दिए । पीडित चेपाङको परिवारलाई गाउँपालिकाको तर्फबाट तत्काल लत्ता कपडा, खाद्यान्न, भाँडाकुँडा र त्रिपाल उपलब्ध गराइने उनले बताए ।

# चित्लाङ-थानकोट सडक दैनिक १२ घण्टा बन्द

साझाकुरा संवाददाता

हेटौंडा, १६ चैत/ चित्लाङ हुँदै काठमाडौं जाने चित्लाङ-चन्द्रागिरी-थानकोट सडक दैनिक १२ घण्टा बन्द हुने भएको छ ।

थाहा नगरपालिका ९ नम्बर वडा कार्यालयले सूचना जारी गर्दै सडक बन्द भएको जनाएको हो । सूचनामा थाहा नगरपालिका वडा नम्बर ९ चित्लाङअन्तर्गत् रहेको चित्लाङ-चन्द्रागिरी-थानकोट सडक (गणेशमान सिंह मार्ग) को स्तरोन्नतिका लागि मंगलबारबाट बन्द भएको जनाइएको छ ।

मर्मतसम्भार कार्य जारी रहेकोले अर्को सूचना जारी नभएसम्मका लागि बेलुका ६ बजेदेखि विहान ६ बजेसम्मको लागि सडक बन्द रहने सूचना प्राप्त भएको हुँदा सम्बन्धित सरोकारवालाहरुका लागि सूचना जारी गरेको वडाअध्यक्ष राजकुमार बलामीले जानकारी दिए ।

पछिल्लो समय चित्लाङ-चन्द्रागिरी-थानकोटबाट हेटौंडा-काठमाडौं चल्ने साना सवारीसाधन आवतजावत गरिरहेका छन् ।

पसल बिक्रीमा

हेटौंडाको स्कूलरोडमा चालु अवस्थामा रहेको श्री गणेश इलेक्ट्रोनिक्स पसल विशेष कारणबास बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. ९८१३३२१२२

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"

आधुनिक सुन चाँदी पसल

हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

प्रो. राजु सेन्चुरी

सम्पर्क नं. : ९८४५५३०५६३, ९८१५२२४३४३

कपडाहरुको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





कार्पेट तथा सोफाको खोलहरु घरमै गएर धोइन्छ ।

मेरिना ड्राई क्लिनिङ्ग स्पोट

नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर

(निर्माण व्यवसायी संघको अगाडि)

सम्पर्क नं.: ९८४५१२६११२

Education is the real treasure

ADMISSIONS OPEN FOR 2080

From Nursery to Grade 9

Scholarships

a feature of socially resposible institution ....

Madhav Raj Sumargi Memorial Scholarship based on Entrance Tests 189+Seats

Rup Chandra Bista "Thaha" Memorial Scholarship based on Students' Talent 108+Seats

Bishwakanti Kalawati Sumargi Scholarship based on Students' Rank 39+Seats

APPLY NOW

www.admission.hetaudaacademy.edu.np

HETAUDA ACADEMY

RESIDENTIAL SECONDARY SCHOOL

Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal

☎057-525548 ☎057-525547 ☎057-523547

www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना